
नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily





मधेशमा कांग्रेसको अग्रता
पृष्ठ ८ मा

● वर्ष १ ● अंक १४ ● २०७९ साल मंसिर ७ गते बुधवार ● Wednesday 23 Nov. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# संसदमा जनमतको प्रवेश

एस.के. कर्ण
जनकपुर, मंसिर ६ गते ।

***अध्यक्ष सिके राउतज्यू प्रदेशको यो जीतबाटल कतिको उत्साहित हुनुहुन्छ ?***

*– मेरो उत्साह भन्दा पनि यो जीत परिवर्तन चाहने जनताको जीत हो । वर्षौंदेखि शोषणमा परेका मधेशी जनताको जीत हो । म भन्दा पनि यहाँका जनता राजनीतिमा आएको परिवर्तनले उत्साहित छन् ।*

***यो जीतलाई कुन रुपमा लिनु भएको छ ?***

*यो जीतलाई सकारात्मक रुपमा लिइरहेको छु । अहिले प्रदेश सभामा जीतको शुरुवात नै छ । प्रतिनिधि सभा र प्रदेश सभाको अहिले धेरै रिजल्ट आउन बाँकी नै छ । जनमतको प्रारम्भिक जीत परिवर्तन चाहने जनताका लागि शुभ संकेत हो ।*

***अब मधेशको एजेण्डा कुन हिसावले अघि बढाउनु हुनेछ ?***

*– अहिले जीतको प्रारम्भिक शुरुवात नै हो, पुरा परिणाम आउन बाँकी नै छ । पुरा परिणाम आइसकेपछि कुन समीकरण कस्तो बन्छ । सरकार कसरी बन्छ । त्यस पश्चात जनताका लागि कसरी अघि बढन सकिन्छ भन्नेमा रणनीति बनाउने छौं । हामी चुनावी एजेण्डामा फोकस गरेर सेवा प्रवाहको कार्य अघि बढाउने छौं ।*

अध्यक्ष डा. सिके राउतसँग उनको पार्टी जनमत पार्टीले प्रदेश सभामा सप्तरी क्षेत्र नम्बर २ मा जीते लगतै गरिएको कुराकानी हो । जनताको आधारभूत आवश्यकता पुरा गर्ने, किसानको समस्या समाधान गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने मूल एजेण्डा बनाएर चुनावमा होमिएका डा. सिके राउत प्रतिनिधि सभामा जीत नजिक छन् ।



प्रदेश सभामा उनको पार्टीले गरेको जीतसँगै आम निर्वाचन २०७९ बाट संसदमा पहिलो पटक जनमत प्रवेश पाएको छ । जनमत पार्टीको विजयी सुरुवातले मधेश केन्द्रित दल सखाप हुँदै गएको अवस्थामा मधेशमा एउटा वैकल्पिक शक्तिको रुपमा स्थापित हुने सम्भावना बढेको छ ।

भर्खरै सम्पन्न आम निर्वाचनमा प्रदेश सभा सदस्यतर्फ समेत जनमत पार्टी सप्तरी २ (१) र २ (२) बाट आफ्नो जीत निकालेको छ । सप्तरी २ (१) बाट सतीश कुमार सिंह १६ हजार ७३४ मतले र २ (२) बाट महेश यादव १३ हजार ३२५ को भारी मतान्तरले विजयी भएका छन् । सिंहले जसपाबाट उम्मेदवार रहेका अर्थमन्त्री शैलेन्द्र साहलाई र यादवले माओवादी केन्द्रका उमेश यादवलाई पराजित गरेका हुन् ।

मधेश प्रदेशमा प्रतिनिधि सभातर्फ एक सिट निश्चित भएको छ भने प्रदेश सभातर्फ ७ सिटमा निकटतम प्रतिद्वन्दी छन् । मतगणना जारी रहेको कारण जीत निकाल्नसक्ने पनि सम्भावना रहेको छ । समानुपातिकमा समेत प्रदेशतर्फ पनि राम्रै सिट हासिल गर्नसक्ने जनमतको सम्भावना रहेको छ ।

सिकेको राजनीतिमा प्रवेशमा छुट्टै मधेश राष्ट्रको मूल एजेण्डा लिएर अमेरिकाबाट नेपाल फर्केका डा. राउतको यो जीत वर्षको संघर्षको प्रतिफल हो । विखण्डकारी, उच्चश्रृंखल, आतंककारी लगायतका आरोप प्रत्यारोप सहदै राजनीतिमा प्रवेश गरेका राउत संसदीय अभ्यासको खेलमा पहिलो गोल हान्ने खेलाडीको रुपमा स्थापित भएका छन् ।

स्वतन्त्रताको मुद्दा लिएर पटक-पटक पक्राउ पर्दै र छुट्दै आएका सिके राउतको राजनीतिमा प्रवेश २०७५ साल फागुन २४ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीसँग गरिएको ११ बुँदे सहमति पश्चात भएको हो । लामो समय अमेरिका बस्दै आएका राउत पहिलो पटक १८ चैत ०६८ मा तत्कालीन लोकतान्त्रिक मधेसी मोर्चाको खुलामञ्चको आमसभामा देखिएका थिए । २०७१ भदौ ५ मा भएको छलफलमा स्वतन्त्र मधेसको वकालत गर्दै उनले राज्यसँग छुट्टिन पाउने अधिकार संविधानमै सुनिश्चित गर्नुपर्ने मत राख्दा पहिलो पटक २८ भदौ ०७१ मा मोरङको रंगेलीबाट राज्यविरुद्धको अपराधमा पक्राउ परेपछि चर्चामा आए । धेरैले उनलाई विखण्डनकारीका रुपमा परिचित गराइरहेको बेला मधेसका असन्तुष्ट जमात उनीतिर नजिकिए । यो बीचमा उनी धेरैपटक पक्राउ गरे, राज्यविरुद्धको अपराधमा मुद्दा लगाइयो । तर, केही दिनमा छुटिहाल्थे । अन्तिम पटक २०७५ असोज २१ मा पक्राउ पर्दा पांच महिनापछि उनी छुटेका थिए ।

तात्कालिन प्रधानमन्त्री ओलीको प्रयासमा उनी स्वतन्त्रताको नारा छाडेर नेपाल सरकारसँगको सहमति पश्चात राजनीतिको मुलधारमा आएका हुन । सिरहाको लहानमा ४ चैत २०७७ मा भएको राष्ट्रिय परिषद् बैठक मार्फत डा. राउतले जनमत पार्टी गठन गरेर राजनीतिक यात्राको शुरुवात गरेका हुन् ।

यो पार्टीले ४ कात्तिक २०७८ देखि भ्रष्टाचार नियन्त्रणलाई मुल एजेण्डा बनाएर आफ्ना गतिविधिलाई तीव्र बनायो । जनकपुरधामस्थित खानेपानी तथा ढल निकास कार्यालयका निमित्त प्रमुख राजेश कुशवाहलाई भ्रष्टाचारको आरोप लगाउँदै कालोमोसो दलेर नगर परिक्रमा गराएर सार्वजनिक रूपमा अराजक गतिविधि गर्दा जनमत पार्टी चर्चामा आएको थियो ।

सो घटना पश्चात जनमतले आफ्नो राजनीति मुद्दामा परिवर्तन गर्दै किसानको मल खाद्य सहितको मुद्दा लिएर अघि बढे । यी मुद्दालाई यथावत राख्दै नागरिकता समस्या, जनताको आधारभूत आवश्यकता पूर्ति, बेरोजगारी लगायतका मुद्दा लिएर जनमत पछिल्लो स्थानीय तहको निर्वाचन सहित भर्खरै सम्पन्न आम निर्वाचनमा होमिएका हुन ।

# मधेशी दललाई साख जोगाउन धौ धौं

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले मधेशमा आफ्नो पहिलो विजयीको शुरुवातले मधेश केन्द्रित दल जसपा र लोसपालाई साखै जोगाउन धौ धौ परेको छ ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यतर्फ अधिकांश क्षेत्रमा मधेश केन्द्रितको जीतमा बाधक भई निकटतम प्रतिद्वन्दी बनेका छन । जनमतले स्पेश खोज्न थालेपछि जसपा र लोसपाको मधेशबाट सखाप हुने अवस्था आइसकेको छ । मधेश केन्द्रित दल जसपाका मधेश केन्द्रित दलहरुलो जनताले पत्याएर २०६४ सालको संविधान सभा निर्वाचनमा सिटमा जिताए । तर ती मधेशी दलहरुले जनताको मतको संरक्षण गर्न नसकी सत्ता लिप्सामा लागेर टुक्राटुक्रा हुँदा दोश्रो संविधान सभा २०७० को निर्वाचनमा सिटमै सिमित हुन पुग्यो ।

२०७० को पराजयलाई पहिचान गरी पुनः संविधानमा अधिकार सुनिश्चितताको माग गर्दै करीब ६ महिनासम्म सीमानाका बन्द



प्रतिनिधि सभातर्फ सप्तरीको १, पर्सा १ र धनुषाको १ नम्बर क्षेत्र बाहेक कुनैमा पनि अग्रता लिएका छैनन । अग्रता लिएपनि जीतको सप्तरी र पर्सामा मात्रै देखिन्छ । जसपालाई यी सिटमै सिमित हुनेपर्ने अवस्था छ ।

जसपा मात्र होइन लोसपाको अवस्था यो भन्दा पनि झन खराब महोत्तरीको क्षेत्र नम्बर २ बाहेक प्रदेशमा कुनै सिट जित्ने सक्ने सम्भावना देखिदैन । प्रदेशतर्फ समेत जसपाले मुश्किलले ६ र लोसपाले ४ वटा सिटमा जित निकाल्न सक्नेछ, तर निश्चित छैन ।

गत प्रदेश सभामा जसपा (तात्कालिन समाजवादी पार्टी) प्रत्यक्ष र समानुपातिक गरी २९ वटा र लोसपा (तात्कालिन राजपा) ले २५ सिटमा जित निकालेर सरकार बनाउन सफल भएका थिए । तर यस पटकको निर्वाचनमा जारी मतगणनाको आंकलन अनुसार दुवै मिलाएर १०/१५ सिटमै सिमित हुने सम्भावना छ ।

## किन आयो यस्तो अवस्था

संघीयता सहित मधेशीको पहिचान र अधिकार सम्पन्न बनाउने मुल एजेण्डा बनाएर अघि बढे सहितका २०७२ मा तेश्रो मधेश आन्दोलन गरे । कयौं मधेशीको शहादत पश्चात जनताले पुनः पत्याएर प्रदेशमा सरकार बनाउनेसम्मका मत दिए । तर जनताको ती मतलाई संरक्षण नगरी प्रदेशमा भ्रष्टाचारले चर्चामा आएपछि जनतामा वितृष्णा आएको हो ।

जसपा कमजोर हुनुको प्रमुख कारण एमालेसँग पछिल्लो सरकारमा जानु, सरकारबाट हटाइएपछि विरोध गर्नु र सप्तरीको मलेठमा पांच/पांच जना मधेशीलाई हत्या गरेका दल एमालेसँग चुनाव गठबन्धन गर्नु हो । यी कुरले जनतामा पारेको वितृष्णाले अध्यक्ष उपेन्द्र यादव दोब्बर मतले हार्ने सम्भावना छ ।

लोसपा पार्टी पनि सत्तामा पुगेको बेला मधेशको मुद्दा सम्बोधनमा ध्यान नपुरयाउनु र सत्ताबाट हटे लगतै मधेशको मुद्दालाई उठाउनु र पार्टी टुटफुटले नेता कार्यकर्ता बहिरगमनले सांगठनिक कमजोर हुनु हो । यी बाहेक यिनीहरुको प्रमुख कमजोरी चाहि चुनावमा जादाँ यिनीहरुसँग कुनै नयाँ मुद्दा नै थिएन । त्यही पुराना मुद्दालाई लिएर अघि बढदा जनताले यस पटक पत्याएन ।

# प्रदेशमा कांग्रेसको ३, जनमत २ र जसपाको १ मा जीत

मधेशदृष्टि
वीरगंज ६ मंसिर ।

प्रदेश सभा तर्फ पर्साको तीनवटा क्षेत्रबाट नेपाली काग्रेसका उम्मेदवार नेकपा एमाले पर्साका अध्यक्ष जय प्रकाश थारुलाई २ हजार ३४ मतको अन्तरले पराजितग गरेका हुन् । चौधरीले ११ हजार ५ सय ८५ मत ल्याएर निर्वाचित भएका हुन् । थारुले ९ हजार ५ सय ५१ मत प्राप्त गरेका छन् । यहीँ क्षेत्रका निवर्तमान प्रदेश सभा सदस्य समेत रहेका चौधरी दोहोरिएका हुन्।



विजयी भएका छन्। क्षेत्र नम्बर ४(क) बाट कांग्रेसका शंकर प्रसाद चौधरी निर्वाचित भएका छन् भने क्षेत्र नम्बर २ (क)बाट नेपाली कांग्रेसका श्याम पटेल निर्वाचित भएका हुन् । त्यस्तै पर्साको निर्वाचन क्षेत्र नम्बर ३ को ख बाट नेपाली कांग्रेसका जनार्दन सिंह निर्वाचित भएका छन् ।

पाँच दलीय सत्ता गठबन्धनको समर्थन पाएका चौधरीले निकटम प्रतिद्वन्दी एमाले जसपा गठबन्धनका जयप्रकाश थारुलाई पराजित गरेका हुन् । चौधरीले

उता पर्सा ४(क)बाट कांग्रेसका पटेलले निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टी(जसपा) का उम्मेदवार रामनरेश प्रसाद यादवलाई १ हजार ६ सय ५७ मत अन्तरले पराजित गरेका हुन् । पाँच दलीय गठबन्धनका साझा उम्मेदवार समेत रहेका पटेलले १३ हजार ७ सय ८४ मत प्राप्त गरेका छन् भने जसपा-एमालेका साझा उम्मेदवार यादवले १२ हजार १ सय २७ मत पाएका छन् । पटेल, नेपाली कांग्रेस पर्साका पूर्व जिल्ला सचिव तथा नेपाली कांग्रेसको जिल्ला अधिवेशनमा जिल्ला सभापति पदका प्रत्यासी रहेका थिए । पटेल , कांग्रेसमा नेता शेखर कोइराला समूह निकटका मानिनु हुन्छ । पर्सामा ४ वटा प्रतिनिधिसभा सदस्य र बाँकी ७ वटा प्रदेशसभा सदस्य पदका लागि भने मतगणना जारी रहेको छ ।

पर्साको निर्वाचन क्षेत्र नम्बर ३ को ख बाट नेपाली कांग्रेसका जनार्दन सिंह निर्वाचित भएका छन् ।क्षेत्रीले नेकपा समाजबादी गठबन्धका प्रल्हाद गिरीलाई उछिन्दै विजयी भएका हुन् । जसपाकी डाक्टर मधु तेश्रो स्थानमा छन् ।

त्यस्तै पर्सा क्षेत्र नम्बर ४ को प्रदेश सभा ख मा जसपाका सिंघाशन कलवारले १५ हजार ३ सय ८५ मत ल्याएर विजयी भएका छन् । कलवारका निकटतम प्रतिद्वन्दि स्वतन्त्र उम्मेद्धवार प्रल्हाद साह कानुले १२ हजार ७ सय ४१ मत प्राप्त गरेका छन् ।

कलवार दोश्रो कार्यकालको लागि पुनः जसपाबाट निर्वाचित भएका हुन्। यस अघि पनि उनी प्रदेश सभा सदस्यमा विजयी भएका थिए ।

यता सप्तरी निर्वाचन क्षेत्र नम्बर २ (क) मा जनमत पार्टीका सतिश कुमार सिंह विजयी भएका छन् ।

जनता समाजवादी पार्टीका उम्मेदवार एवं मधेश प्रदेशका अर्थ मन्त्रीलाई

बाँकी पृष्ठ ६ मा





धनुषा निर्वाचन क्षेत्र नं ४ को मतगणना धनुषाको निर्वाचन क्षेत्र नं ४ को उम्मेदवारहरूबीच सोमबार सहमति नजुटेपछि सुरू हुन नसकेको मतगणना आज सुरु गर्दै। अहिले प्रदेश (क) को मत गन्न सुरु गरिएको छ। *तस्बिर : अजयकुमार साह/रासस*

# दुर्घटनामा सर्लाहीमा तीनको मृत्यु, तीन घाइते

मधेशदृष्टि
सर्लाही, मंसिर ६ गते।

सर्लाहीमा दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ भने तीन घाइते भएका छन् ।सर्लाहीको ईश्वरपुर नगरपालिका-१२अन्तर्गत पूर्व-पश्चिम राजमार्गको बाँके जंगलखण्डमा दुईवटा मोटरसाईकल एकआपसमा ठक्कर खाँदा दुईवटै मोटरसाईकलका चालकको मृत्यु भएको छ।

सोमबार साँढे ६ बजे प्रदेश नं.२-०३-००४ प. ७८८४ नम्बरको मोटरसाईकल र ज. ११ प ८१० नम्बरको मोटरसाईकल एक-आपसमा ठक्कर खाँदा दुबै मोटरसाईकल चालकको मृत्यु भएको हो।

दुर्घटनामा परेर प्रदेश नं.२-०३-००४ प. ७८८४ मोटरसाईकलका चालक कलैया उपमहानपा-१६ निवासी ४५ वर्षीय कन्हाई चौधरी र ज. ११ प ८१० नम्बर मोटरसाईकल चालक महोत्तरी जिल्ला बर्दिवास नपा-६ निवासी २५ वर्षीय सुनिल आले मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ।

दुर्घटनामा परि प्रदेश नं. २-०३-००४ प ७८८४ मोटरसाईकल पछाडी सवार बाराको कलैया उमनपा-३, ब्रम्हपुरी निवासी ३२ वर्षीय अजय कुमार पटेललाई प्रादेशिक अस्पताल मलगंवामा सामान्य उपचार पश्चात थप उपचारको लागि विरगंज तर्फ पठाइएको प्रहरीले जनाएको छ। त्यस्तै ज. ११ प ८१० मोटरसाईकलको पछाडी सवार महोत्तरी जिल्ला बर्दिवास नपा-६ निवासी २४ वर्षीया रुबिना तामाङ र २४ वर्षीय युवराज राईको भने त्रिदेव हेल्थ केयर रानीगंजमा उपचार भईरहेको छ।

यस्तै सोमवारनै सर्लाहीको धनकौलमा भारतिय मोटरसाईकल दुर्घटना हुँदा एक भारतिय नागरिकको मृत्यु भएको छ। अर्का एक नेपाली घाईते भएका छन।

राति साँढे १० बजेको समयमा धनकौल गाउँपालिका ५ स्थित छठिघाट पुलमा बरहथवाबाट मधुवनीतर्फ जाँदै गरेको बिआर ३० जेट ४८७४ नम्बरको मोटरसाईकल दुर्घटना भएको थियो। दुर्घटनामा परि मोटरसाईकल चालक भारतको सितामाढि जिल्ला ग्राम पंचायत बहेरा सिजवा बस्ने बर्ष ४० का मुकेश राय यादवको मृत्यु भएको हो।

टाउकोमा चोट लागी गम्भिर घाईते भएका यादवलाई उपचारका लागी संजिवनी अस्पताल बरहथवामा लगीएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी बिजय यादवले जानकारी दिए।

दुर्घटनामा मोटरसाईकल पछाडी सवार बलरा नगरपालिका ५ अर्नाहा बस्ने बर्ष २४ का संजय यादव घाईते भएका छन्। उनको टाउको र अनुहारमा चोट लागेको र २ ओटा दाँत भाँच्चिएको छ।

उनलाई उपचारका लागी बाराको एल.एस.न्युरो अस्पतालमा पठाईएको छ। मोटरसाईकल आफै अनियन्त्रीत भएर दुर्घटना भएको देखिएको प्रहरीले जनाएको छ।

# निर्वाचन प्रचार प्रसार, तडक भडकमा न्युनिकरण

मधेशदृष्टि
जनकपुर, मंसिर ६





विगतको तुलनामा यस पटकको निर्वाचनमा आचार सहिताको पालना हुनुका साथै व्यानर,पर्चा,पम्पलेट रयाली आमसभा लगायत अन्य तडक भडकमा न्युनिकरण भएको राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशले निसकर्ष निकालेको छ। आयोगले मंगलवार पत्रकार हरुसंग भेट गरि अनुगमन रिपोर्ट साझा गर्दै मुलुकको अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा निर्वाचन शान्तिपुर्ण वातावरणमा भएको वताएका छन। आयोग मधेश प्रदेशले कार्तिक १६ गते देखि थालेको अनुगमन मतगणना भइरहदा जारी नै रहेको जनाएको छ। आयोगले मानव अधिकार संग सम्वन्धित अन्य आयोग संग समन्वय गरि संयुक्त रुपमा तीन चरणमा गरेको अनुगमन गर्दै निर्वाचन पुर्व,निर्वाचनको दिन र निर्वाचन पछि गरि छुटा छुटै रिर्पोट सार्वजनिक गरेको छ। आयोगले निर्वाचन पुर्व अनुगमन गर्दा २१ वुंदे,निर्वाचनको दिन अनुगमन गर्दा १२ वुंदे र निर्वाचन पछि अनुगमन गर्दा चार वुंदे रिपोट प्रस्तुत गरेको छ। प्रस्तुत गरेको रिर्पोटमा निर्वाचनमा यसपटक प्रचार प्रसारका लागि बालबालिकाको सुनियोजीत प्रयोग नगरिएको उल्लेख गरेको छ भने निर्वाचन आयोगले तय गरेको टोल फ्रि नम्वरको विषयमा सर्वसाधारणलाई यथेष्ट जानकारी नभएको भनि भनेको छ। मतदाता शिक्षामा कमी भएको भनि जनगुनासो व्यापक रहेको पाइएको र निर्वाचन आयोगले एक वार्डमा एक जना मात्र स्वयमसेवक खटाइएको पाइएकोमा सो अपर्याप्त रहेको आयोगले उल्लेख गरेको छ। आयोगले प्रस्तुत गरेको रिर्पोटमा खुल्ला सिमानाका कारण अपराधिक गतिविधीलाई निगरानी गर्नका लागिि नेपाल र भारतीय सुरक्षाकर्मी विच समन्वय र सहकार्य भएको यद्यपी भारतीय नम्वर प्लेटका सवारीसाधनहरु निर्वाचन प्रचार प्रसारमा प्रयोग भएको,मतदान केन्द्र अधिकांश स्थानमा विद्यालयनै तोकिनुका साथै स्वास्थय चौकी,अस्थायी प्रहरी चौकीमा समेत मतदान गराइएको साथै खुल्ला चौरमा पनि मतदान हुने व्यवस्था मिलाइएको रिर्पोटमा भनिएको छ। त्यसैगरि मतदान अधिकृत र सहायक मतदान अधिकृत शिक्षक तथा स्वास्थयका कर्मचारीहरुलाई खटाएको र मतदान सम्पन्न गराउनका लाीग विद्यालयहरुलाई पाच पाच दिन सम्म विदा दिइएको भनेर रिर्पोट प्रस्तुत गरेको छ। मतदाता नामावलीमा नाम नभएका महिलाको संख्या वढि रहेको तथा वाली लगाउने र उठाउने समय तथा विवाहको सीजनमा निर्वाचन राखिएका कारण जनमानसमा उत्साह कम देखिएको रिर्पोट भनिएको छ। आयोगले समग्रमा निर्वाचन सम्पन्न गर्न विनियोजीत वजेट अभाव रहेको भन्ने गुनासो समेत आएको उल्लेख गरेको छ। त्यस्तै आयोगले मतदानको दिन गरेको अनुगमनको क्रममा देखिएको अवस्थाको विषयमा प्रस्तुत गरेको रिर्पोटमा मतदाताहरु मतदान गर्नमा त्यती उत्साहित नरहेको भनेको छ। अनुगमन गरिएको केहि मतदान केन्द्रहरुमा निर्वाचन आयोगले तोकिए बमोजीमको प्रकृयामा निर्वाचन गरेको नपाइएको र निर्वाचन पर्यवेक्षण गर्ने स्वदेशी पर्यवेक्षकहरुको कुनै पनि मतदान केन्द्रहरुमा उपस्थिती नरहेको भनि आयोगले आफनो रिर्पोटमा गुनासो गरेको छ। मतदाताहरुका लागि खानेपानी तथा शौचालयको पर्याप्त व्यवस्था नभएको साथै फस्ट एडस किटसको र्प्याप्त व्यवस्था नभएको भनि आयोगले रिर्पोटमा उल्लेख गरेको छ। त्यसैगरि आयोगले निर्वाचन पश्चात अनुगमन गर्दा प्राय जिल्लाहरुमा मतपेटिका संकलनमा ढिलासुस्ती हुदा मतगणनाको कार्य समयमा संचालन हुन नसकेको रिर्पोटमा भनेको छ। निर्वाचन सम्पन्न भएपछि सबै विद्यालयहरुमा निर्वाचनका कारण भएको फोहर व्यवस्थापन गर्नुपर्नेमा त्यसो नदेखिएको र निर्वाचन आयोगको समग्र व्यवस्थामा सबै मतदान केन्द्रहरुमा एकरुपता नदेखिएको तथा निर्वाचनको क्रममा संचारकर्मीहरु र नागरिक समाजको उल्लेख्य भुमीका लागि आयोगले सकारात्मक रुपमा लिइ उच्च प्रसंसा गर्दछ भनी आफनो रिर्पोटमा उल्लेख गरेको छ। आयोगले जनकपुरधाममा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा राष्टिय मानव अधिकार आयोगका सदस्य सुर्य प्रसाद ढुंगेल,मानव अधिकार आयोग मधेश प्रदेश कि प्रमुख मंजु खतिवडा लगायत आयोगका पदाधिकारीहरु तथा विभिन्न मिडियाका संचारकर्मीहरुको उपस्थिती रहेको थियो।

# मधेशवादी दल बाहेक बै दलका अध्यक्ष सेफजोन मा

मधेशदृष्टि
जनकपुर, मंसिर ६।

भर्खर सम्पन्न आम निर्वाचन २०७९ मा जनता समाजवादी पार्टी (लोसपा) का अध्यक्ष उपेन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष बाहेक सबै दलका शीर्ष नेताहरू प्रतिनिधि सभामा सेफजोनमा देखिएका छन।

जारी मतगणना परिणाम अनुसार जसपा अध्यक्ष यादव जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग र लोसपा अध्यक्ष ठाकुर स्वतन्त्र उम्मेदवार रामआधार कापरसँग पराजित हुने सम्भावना रहेको छ।

सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सिके राउतले झन्डै तेब्बर मतले यादवलाई पछि पारेका छन्। लोसपा अध्यक्ष महन्थ ठाकुर पनि महोत्तरी ३ मा रामआधार कापर स्वतन्त्र उम्मेदवारले पछाडि पारेका छन्। प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सातौंपटक विजयी हुने दाउसहित डडेल्धुराबाट अग्रता कायम गरिरहेका छन्। उनलाई स्वतन्त्र उम्मेदवार सागर ढकालले पछ्याइरहेका छन्। नेपाली कांग्रेस बीपीका कर्ण मल्ल पनि प्रतिस्पर्धामा छन्।

एमालेका अध्यक्ष केपी ओली झन्डै दोब्बर मतले अग्रता कायम गरिरहेका छन्। सत्तारूढ गठबन्धनबाट उठेका नेपाली कांग्रेसका उम्मेदवार खगेन्द्र अधिकारीलाई उनले सुरुदेखि नै पछाडि पारेका छन्। हालसम्म घोषणा भएको मतपरिणामअनुसार गोरखा-२ बाट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले निरन्तर अग्रता कायम गरिरहेका छन्।

उनलाई गोरखा-२ मा एमालेका अब्दुस मियाँले पछ्याइरहेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका कवीन्द्र बुर्लाकोटी पनि प्रतिस्पर्धामा छन्। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र एमालेका अजयकुमार गुप्ताबीच कडा टक्कर देखिएको छ। नेपालले ७६ सय ५७ मत पाएका छन्। गुप्ताले सात हजार २८ मत ल्याएका छन्।

# वृद्धले गरे झुन्डिएर आत्महत्या

मधेशदृष्टि
जनकपुर, मंसिर ६।

सप्तरीको रुपनी गाउँपालिका-६ स्थित वीरेन्द्र बजारमा एक वृद्धले झुन्डिएर आत्महत्या गरेका छन्। घर नजिकैको मुंगाको रुखमा झुन्डिएर मंगलवार ८० वर्षीय सूर्यबहादुर थापा मगरले आत्महत्या गरेका हुन्। बिहान करिब ५ बजेतिर पासो लगाएर आत्महत्या हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ।सधैं बिहानको समयमा चिया खान गाउँमै रहेको पसलमा जाने गरेका उनलाई आज पनि त्यतै गए होलान् भनेर परिवार ढुक्क भएर बसेको थियो। तर, पछि झुन्डिएको अवस्थामा फेला पारेपछि प्रहरीलाई खबर गरिएको थियो।

चिया खाएर पसलबाट आउँदै उनका भाइ विष्णु थापा मगरले दाजुलाई झुन्डिएको अवस्थामा देखेका थिए। उनले भने, 'एकाबिहानै मुंगाको फेदमा बसिरहेको जस्तो देखे, चिसोमा दाई के गरेको भन्दै हेर्न जाँदा घाँटीमा पासो लागेर प्राण त्याग गरेको देखे।' त्यसपछि प्रहरीलाई खबर गरेको उनको भनाइ छ। मगरको शव राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा परीक्षण गरि परिवारको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएका छन्। मंगलवार नै उनको अन्त्येष्टि गरिएको परिवारले जानकारी दिएका छन्।

यसैगरी, रुपनी गाउँपालिका-१ स्थित बाघाखालमा सोमबार अन्दाजी ३२ वर्षीया एक महिला झुन्डिएको अवस्थामा मृत फेला परेका थिए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ। घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला। आर्थिक कारोबारमा सफलता पाइएला। साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। समाजसेवामा मन लाग्नेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ। रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुन: सुरु हुन सक्छन्। श्रमको उचित मूल्याङ्कन हुनेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला। विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

# सिरहाका ३ वटा क्षेत्रमा एमाले जसपा अगाडी, कडा प्रतिस्पर्धा

मुकेश कुमार यादव
सिरहा, ६ मंसिर ।

सिरहाको ४ वटा क्षेत्र मध्येय ३ वटामा जसपा एमाले गठबन्धनले अग्रता लिएपनि दुबै गठबन्धन विच निकैनै कडा प्रतिस्पर्धा हुने देखिन्छ । निर्वाचन क्षेत्र नम्बर ४ बाहेकमा अरु ससै क्षेत्रमा एमाले गठबन्धन अगाडी रहेका छन् । सिरहा क्षेत्र नम्बर १ मा एमाले जसपा गठबन्धनका नेकपा एमालेका रामशंकर यादव ३ हजार ४६ मत, नेपालीकाँग्रेसका पदम नारायण चौधरीले दुइ हजार ७ सय ६६ मत , जनमत पार्टीका युगल किशोर साहलाई ६६७ मत र स्वतन्त्रका सरिता गिरिले ७१ मत ल्याएका छन्।




क्षेत्रनम्बर १ मा एमाले जसपा गठबन्धनका प्रदेशसभा नेकपा एमालेका राजेन्द्र प्रसाद चौधरीले हाल सम्मको मतगणना अनुसार एक हजार ४ सय ३२ मत प्राप्त गरेको छन् भने सता गठबन्धनका नेपाली काङगेसका सुनिल कुमार महतोले एक हजार ५ सय ८६ मत ल्याइ अग्रस्थानमा रहेका छन् ।

सिरहा क्षेत्रनम्बर २ मा सता गठबन्धनका नेपाली काँग्रेसकी चित्रलेखा यादव १ हजार ९ सय ६१ मत, एमाले,जसपा गठबन्धनका जनता समाजवादी पार्टीका राजकिशोर यादव २ हजार ४५ र, जनमत पार्टीका विनोद यादवले एक हजार ९ सय ३ र राप्रपाका मुरलिधर मिझारले ४९ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभाको हालसम्म्को मतगणनाको आधारमा यहाँ जसपाले अग्रता लिएको देखिन्छ । त्यसैगरि प्रदेशसभा तर्फको 'क'मा सता गठबन्धनका नेकपा माओवादीका जिवछ कुमार यादबले एक हजार ६ सय ७३ मत ल्याएका छन् । उनका निकटतम प्रतिद्धन्दी इतर गठबन्धनका विजय यादवले एक हजार १ सय ९२ मत ल्याएका छन् । हाल सम्मको मतगनणा अनुसार यस प्रदेशसभामा सता गठबन्धनले अग्रता कायम राखेको छ ।

सिरहा क्षेत्र नम्बर ३ मा नेकपा एमाले गठबन्धनका लिलानाथ श्रेष्ठले २ हजार ८ सय ६३ मत पाउँदा उनका प्रतिद्धन्दी सता गठबन्धनका नेकपा माओवादीका विश्वनाथ साहले २ हजार ९८ मत प्राप्त गरेका छन्। जनमत पार्टीका दिनेश कुमार यादबले पनि ५ सय ७५मत प्राप्त गरेको छ । प्रतिनिधिसभामा एमाले गठबन्धननै अगाडी रहेको देखिन्छ ।

त्यसैगरी प्रदेशसभा तर्फ सता गठबन्धनका ने.का.का राम सगुन यादबले २ हजार २ सय ७७ मत प्राप्त गरेको छ,।भन्ने'इतर गठबन्धन एमालेका मनोज सिंहले २ हजार पाचँ सय मत प्राप्त गरेको छ ।

हाल सम्मको मतपरिणाम अनुसार यस क्षेत्रमा प्रतिनिधि तथा प्रदेश 'क'मा एमाले गठबन्धन नै अग्रस्थानमा रहेको छ । प्रदेश 'ख' मा ५ दलिय बामलोकतान्त्रिक गठबन्धनको मित्रबद्ध प्रतिबद्धतामा उत्रेका उम्मेदवार नेपाली काङग्रेसको संजय प्रकाश यादव , नेकपा एसको उम्मेदवार प्रमोद यादब रहेका छन् । मित्रबद्ध प्रतिबद्धता गरि उठेका नेकाका संजय प्रकाश यादबले १ हजार ८ ॅय २ मत ल्याएका छन् । अर्का नेकपा एसका प्रमोद यादवले एक हजार ३ सय ४० मत र जसपाका रेणु यादवले एक हजार ९१ मत ल्याएका छन् । सिरहा ४ मा नेकपा एकीकृत समाजवादीका धर्मनाथ प्रसाद साह २ हजार ६ सय ७३ मत प्राप्त गर्दा जसपाका बिरेन्द्र महतो २ हजार ५ सय २१ मत ,राष्ट्रिय स्वतन्त्रन पाटीका विमल तिवारीले ९८६ मत र जनमत पार्टीका विरेन्द्र प्रसाद साहले ८०४ मत ल्याएका छन्। यहाँ प्रतिनिधिसभामा जसपाको अग्रता रहेको छ ।

त्यसैगरि प्रदेशसभा 'क'मा प्रकाश महाशेठले १ हजार ६ सय १२ मत र सता गठबन्धनका महेन्द्र पासवानले २ हजार १ सय ८४ मत प्राप्त गरेका छन् । प्रतिनिधिसभामा सिरहाको ४ वटै क्षेत्रमा एमाले जसपा गठबन्धन अग्रस्थानमा रहेपनि प्रदेशसभामा ३ वटामा १,२२४मा सता गठबन्धनले नै अग्रता लिएको छ ।

चार वटै पतिनिधि तथा प्रदेशसभामा समेतमा सता गठबन्धन तथा इत्तर गठबन्धन विच निकैनै कडा प्रतिस्पर्धा हुने स्थानीहरु बताउँछन्। सिराहामा एकदिन ढिलो गरी मतगनणा शुरु भएका कारण मत परिणम ढिलो गरि आउनसक्ने आशंका गरिएको छ । जिल्लामा प्रतिनिधिसभाका ४ र प्रदेश सभाका ८ क्षेत्रहरु रहेको छ। जिल्लामा २ लाख २४ हजार ९९ पूरुष, १ लाख ९८ हजार ६११ महिला र २ अन्य मतदाता सहित जम्मा ४ लाख २२ हजार ७१ म्तदाताहरु रहेका छन् ।

# धनुषामा एमालेको तीन क्षेत्रमा अग्रता

मधेशदृष्टि
जनकपुर, मंसिर ६ ।

धनुषाका चार निर्वाचन क्षेत्रमध्ये ३ क्षेत्रमा प्रतिनिधि सभातर्फ एमालेको शुरुवाती अग्रस्ता देखिएको छ ।

क्षेत्र नम्बर-१ बाहेक अन्य तीन क्षेत्रमा प्रतिनिधिसभातर्फ नेकपा एमालेका उम्मेदवार हरुले शुरुवाती अग्रता बढाएका हुन् । धनुषामा पछिल्लो जनमत पार्टीका किशोरी साह कमलले २ हजार ५८६ मत पाएका छन् ।

धनुषा-२ मा भने पछिल्लो मतपरिणाम अनुसार नेकपा एमालेका उम्मेदवार उमाशंकर अरगरियाले अग्रता कायम राखेका छन् । अरगरियाले ४ हजार ८०२ मत प्राप्त गर्दा पाँचदलीय गठबन्धनको साथ पाएका नेपाली कांग्रेसका पाँचदलीय गठबन्धनबाट लोसपाका अनिल झाले ५ हजार ९६ मत ल्याएर दोस्रो स्थानमा पुगेका छन् । पहिलोपटक चुनावमा होमिएको जनमत पार्टीका उम्मेदवार शम्भुनाथ साहले २ हजार १२६ मत प्राप्त गरेका छन् ।

धनुषा-४ मा नेकपा एमालेका सचिव रघुवीर महासेठले १ हजार १७ मतसहित शुरुवाती



मतपरिणाम अनुसार पाँचदलीय गठबन्धनका उम्मेदवारहरु भने पछाडि परेका छन् ।

धनुषाको क्षेत्र नम्बर-१ को पछिल्लो मतपरिणाम अनुसार जनता समाजवादी पार्टी नेपालका उम्मेदवार दीपक कार्कीले अग्रता कायमै राखेका छन् । कार्कीले ४ हजार ६०२ मत प्राप्त गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार मनोज मल्ल ठकुरीले ३ हजार ८१२ मत ल्याएका छन् ।

त्यस्तै, नेकपा माओवादी केन्द्रका उम्मेदवार मातृकाप्रसाद यादव ३ हजार २२८ मत ल्याएर तेस्रो स्थानमा छन् । त्यस्तै, उम्मेदवार रामकृष्ण यादवले ३ हजार ७९० मत ल्याएका छन् । त्यस्तै, जनता समाजवादी पार्टी नेपालका उम्मेदवार गंगाराम यादव २ हजार ९६४ मत ल्याएर तेस्रो स्थानमा छन् भने नेकपा एकीकृत समाजवादीका उम्मेदवार रामचन्द्र झाले २ हजार १३९ मत मात्र पाउन सकेका छन् । जनमत पार्टीका उम्मेदवार जयनारायण साहले २ हजार १२९ मत ल्याएका छन् ।

धनुषा-३ मा पनि नेकपा एमालेकी उम्मेदवार जुलीकुमारी महतोले ६ हजार ९६४ मत ल्याएकी छन् । अग्रता बढाएका छन् भने पाँचदलीय गठबन्धनको साथ पाएका नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव ८८९ मतसहित दोस्रो स्थानमा छन् । स्वतन्त्र उम्मेदवार कृष्णकुमार महतोले ९४ र जसपाका महाजन यादवले ६६ मत पाएका छन् ।

धनुषाका यी चारवटै क्षेत्रमा अहिले नै कसको जित हुन्छ भन्ने अवस्थाको अझै अनुमान गर्न सकिँदैन । हालसम्म यी क्षेत्रहरूमा १० देखि १५ हजारसम्म मात्र मतगणना भएको निर्वाचन कार्यालयहरूले जनाएका छन् ।

# पुल निर्माण अलपत्र

मुकेश साह
रौतहट, मंसिर ६

ठेक्का सकार गरेको कम्पनी र ठेकेकदारले सम्झौता अनुसार काम नगर्दा रौतहटको बिभिन्न पुल अलपत्र अवस्थामा छन् । जिल्लाको चादी, झकुवा, बागमती, झाझ र लालबकैया नदीको विभिन्न स्थानहरुमा निमार्ण भईरहेका पुलहरु सम्झौता अनुसार निमार्ण हुन सकेको छैनन् । कतिपय स्थानमा आधामात्र काम भएको देखिएको छ । धेरै ठेकेदारले समयमा पुलनिर्माण सम्पन्न नगरेपछी म्याद थप गरिएको छ ।

चन्द्रनिगाहपुर-गौंडाटार जोड्ने पुलको २०७३ पुसमा शिलान्यास गरिएको थियो । पुल बनाउन पप्पु शिवशंकर जेभीले २२ करोड ४४ लाख रुपैयाँमा ठेक्कालिएको थियो । साढे सात मिटर चौडाइ रहेको उक्त पुलको लम्बाइ ४ सय ६९ मिटर रहेको छ । ११ वटा स्पाम रहेको पुल २०७६ असारमा सम्पन्न गर्ने सम्झौता थियो ।

पुलको हालसम्म करीव ६० प्रतिशतमात्र काम सम्पन्न भएको छ । बजेट,वर्षा, कोभिड,निर्माण सामाग्रीको अभावका कारण निमार्णमा ढिलाइ भएको ठेकेदारको भनाइ छ ।

यता २०७४ मंसिरमा सम्पन्न गर्नुपर्ने झकुवा नदीमा बन्दै गरेको पुलको पिलरमा राखिने फाउन्डेशन राख्ने काम मात्रै सकिएको छ ।

२०६९ जेठमा २ करोड ४९ लाख७० हजारमा बिटी टौदह म्यागलुङ्ग कम्पनीले उक्तपुल निमार्ण गने ठेक्का सकारेका थिए । यस्तै निलगिरी नेशनल क्यानोन कम्पनीले ठेक्का सकार गरेका झाझंनदीमा निमार्ण हुदै गरेको पुलको करीव ३० प्रतिशतमात्रै काम सकिएको छ ।

२०७१ असारमा ५ करोड ५३ लाख १५ हजारमा सकार गरेको उक्तपुलको कार्य समयमा हुन नसकेको हो । १९ करोड ५ लाख १८ हजारमा पप्पु कन्टक्सन पर्साले २०७१ असारमा सम्झौता गरेको टिकुलिया घाटको पुल निमार्ण पनि जम्मा७० प्रतिशतमात्रै कार्य सम्पन्न भएको छ । निर्माणधिन सो पुल २०७४ असारमा बनाइसक्नु पर्ने थियो । त्यस पुलमा ठोक्किएर दुईबर्ष अघि ५ जना को ज्यान गएपछि कम्पनीका संचालक हरिनारायण रौनियार माथी ज्यानमुद्धा दर्ता भएको थियो । गौर नगरपालिका-४ टिकुलिया घाटमा गौर-४ की ४५ वर्षीया इन्दुदेवी, ६४ वर्षीया शान्तिदेवी, १० वर्षीया उष्माकुमारी पटेल, डुंगा सहचालक ओम प्रकाश चन्द्रवंशी र ४० वर्षीया रुनादेवीको मृत्यु भएको थियो । त्यतिवेला २४ जनाले पौडिएर ज्यान जोगाएका थिए ।

२०७१ असार २९ गते सम्झौताभइ २०७४ असार २१ गते सम्पन्न गर्नुपर्ने राजपुरतुलसी र पिपरा जोड्ने पुलको अवस्था पनि उस्तै छ । मृतसंजिवनि निमार्ण सेवाले ५ करोड ६७ लाख ८२ हजारमा ठेक्का लिएको उक्त पुलको गत वर्ष देखीकाम रोकिएको छ । २०७३ असारमा सपना निमार्ण सेवाले ठेक्का लिएको बिश्रामपुर र हजरीया जोड्ने चाँदी खोलाको पुलको काम पनि सुस्त गतीमा छ ।

१० करोड ३४ लाखमा लिएको सो पुलको निर्माण कार्य आधामात्र सकिएको छ । २०६६ सालमै बागमती नदीको बडहर्वामा पुलको शिलान्यास गरिएको थियो । तत्कालिन सरकारका प्रधानमन्त्री माधवकुमार नेपाल र उपप्रधानमन्त्री विजय गच्छेदारले हुलाकी राजमार्गमा भन्दै सो पुलको शिलान्यास गरेका थिए ।

करिव ६७ करोडमा लुम्बिनी बिल्डर्स र पप्पु कन्स्ट्रक्सनले सयुंक्त जेभीमा सो पुलको ठेक्का सकार गरेको थियो । आर्थिक वर्ष २०७० पछि सो पुलको काम रोकिएसंगै स्थानिय वर्षेनी डुङ्गा र डाइभर्सनको जोखिमपूर्ण यात्रागर्न बाध्य छन् ।माधव नेपाल रौतहट क्षेत्र न.१ चुनावमा होमिने भएपछी यता एक दशक भन्दा लामो समय देखि अलपत्र रहेको पुलको निर्माणको लागि हुलाकी राजमार्ग आयोजनाद्वारा हालै बोलपत्र आह्वान गरिएको देखिएको छ । बोलपत्र आह्वान भएपछि पुलनिर्माण हुने आशा सर्लाही र रौतहटका स्थानीय बासीमा पुनःपलाएको छ।

पुलको स्पान थप गर्ने, नदीको धार परिवर्तन गर्ने, पुलको एप्रोच सडक बनाउने र विम ढलान गर्ने लगायतको कामको लागि झन्डै असी करोड रुपैया बराबरको रकम विनियोजन गरेर बोलपत्र आह्वान गरिएको हुलाकी राजमार्ग आयोजना टेकु काठमाडौंका आयोजना निर्देशक धर्मेन्द्र झाले जानकारी दिए । निर्माण कम्पनीले समयमै पुलनिर्माण नगर्दा स्थानियलाई वारी-पारी गर्न असहज हुने गरेको छ ।

सम्झौता अवधीमा काम नसक्ने निमार्ण कम्पनीहरुले पटक पटक म्याद थपगर्दै आएको डिभिजन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख दरोगा साहले जनाएका छन् । ठेकेदारले समयमा पुल सम्पन्न नगर्दा समस्या हुने गरेको प्रमुख साहले बताएका हुन । काम चाडो सम्पन्न गर्न निर्माण कम्पनीलाई पटक पटक कार्वाहीका लागि पत्राचार गर्दै आएको समेत उनी बताउँछन् ।



# सर्लाहीमा दुई क्षेत्रमा माओवादी अग्रता

घनश्याम बलम्पाकी
सर्लाही मंसिर, ६

सर्लाहीमा प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको मतगणना भैरहेको छ । माओवादीले क्षेत्र नम्बर २ र ३ मा अग्रता लिएको छ ।

क्षेत्र २ मा माओवादी केन्द्रका महेन्द्र राय यादवले १ हजार ८२५ मत प्राप्त गरी अग्रता लिएका छन् । लोसपाका राजेन्द्र महतोले १ हजार १३१ मत ल्याइ उनलाइ पछ्याइ रहेको छन् । नेकपा एमालेका राजनारायण साहले ९ सय १६ मत प्राप्त गरी तेस्रो स्थानमा रहेका छन् ।

त्यस्तै क्षेत्र ३ मा माओवादी केन्द्रका नरेन्द्र साहले ४ हजार ४६१ मत प्राप्त गरी अग्रता लिएका छन् भने नेकपा एमलेका हरी प्रसाद उप्रेतीले ३ हजार ३५७ मत प्राप्त गरी उनलाइ पछ्याइ रहेका छन् ।

क्षेत्र-१ मा स्वतन्त्रका मानबहादुर खड्काले ४हजार ८२७ मत प्राप्त गरी अग्रता लिएका छनु ।

उनलाइ लोसपाका राम प्रकाश चौधरीले ४ हजार २६१ प्राप्त पछ्याइरहेका छन् क्षेत्र ४ मा पछिल्लो मत परिणाम अनुसार स्वतन्त्रका अमरेश कुमार सिंहले ३ हजार ४६३ नेपाली कागेसका नागेन्द्र राय २ हजार ८६० र स्वतन्त्रकै मधुमाला यादवले २ हजार ७०१ मत प्राप्त गरेका छन् ।

# गुरुङ निर्वाचित भएपनि संसद प्रवेश गर्न नपाउने

मधेशदृष्टि
काठमाडौ, मंसिर ६ ।

प्रतिनिधि सभामा मनाङबाट नेपाली कांग्रेसका टेकबहादुर गुरुङ विजयी भएका छन् । उनले नेकपा एमालेका पोल्देन छोपाङ गुरुङलाई ३ सय २८ मतान्तरले पराजित गरेका हुन् ।



टेकबहादुरले २ हजार ५ सय ७५ मत ल्याउँदा पोल्देन छोपाङले २ हजार २ सय ४७ मत ल्याएका छन् । तर गुरुङ तत्काल संसद् प्रवेश गर्न पाउने छैनन् । गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन छ ।

भृकुटीमण्डपस्थित समाज कल्याण परिषदको ६० रोपनी जग्गा भाडामा दिँदा ३१ करोड रुपैयाँ भ्रष्टाचार गरेको गुरुङमाथि आरोप छ । उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । गुरुङलाई विशेष अदालतले पाँच लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो । निर्वाचनसम्बन्धी ऐनले भ्रष्ट्राचार मुद्दामा दोषी नठहरिएका व्यक्तिलाई उम्मेदवार बन्न अयोग्य ठहर नहुने उल्लेख छ । तर भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा ३३ मा कुनै व्यक्तिउपर भ्रष्टाचार मुद्दा दायर भएकामा मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने व्यवस्था छ । गुरुङको मुद्दा छिनोफानो भएपछि सांसदको हैसियतमा काम गर्न पाउँछन् ।

## सम्पादकीय

# सकारात्मक थालनी, स्पष्ट खाका आवश्यक

तीन दशकदेखी जीर्ण रहेको वीरगञ्ज स्थित कृषि औजार कारखानाले नयाँ जिवन प्राप्त गर्ने संकेत देखिएका छन् । कृषि प्रधान देशमा भैरहेको कृषि औजार कारखाना बन्द हुनु आफैमा पनि राम्रो कुरा थिएन, होइन । तर पछिल्लो समय कारखानाको आवश्यकता अनुभव गरिएको छ र संचालनको काम राष्ट्रिय आविस्कार केन्द्रको जिम्मा दिने कारवाही अघि बढेको छ ।

नेपाल सरकारले अशोज ११ गते लिखित सम्झौता गरेर कृषि औजार काराखाना सञ्चालनको सम्पुर्ण जिम्मा राष्ट्रिय आविष्कार केन्द्रलाई दिने निर्णय गरेको थियो । कारखानाको स्वामित्व सरकार आफ्नै हुने गरी दिइएको जिम्मेवारी निर्वाह गर्न आविस्कार केन्द्र तयार भएर हात हालेको छ । महावीर पुन नेतृत्वको आविस्कार केन्द्र एउटा स्थापित ब्राण्ड हो । आशा गरौं, आविस्कार केन्द्र र सरकार मिलेर औजार कारखाना प्राथमिकताकासाथ संचालनमा आउँन सकोस ।

संझौता अनुसार केन्द्रका प्राविधिकहरुले अनुसन्धान गरेर सरकारलाई आफ्नो प्रतिवेदन बुझाइसकेका छन् । प्रतिवेदनमा संचालन गर्न तत्काल करिव ३० करोड रुपैया आवश्यक हुने प्रारम्भिक अनुमान छ । राष्ट्रिय अविष्कार केन्द्रले सरकारलाई बुझाएको प्रतिवेदनमा न्यूनतम् २५ देखि ३० करोड बजेट सरकारबाट प्राप्त भए कारखाना सञ्चालन गर्न सकिने उल्लेख छ ।

अनुसन्धानको क्रममा कारखाना भित्र रहेका ५४ वटा ठुला मेशिनहरु मध्ये ४३ वटा मेशिन सामान्य मर्मतसम्भारबाटै सञ्चालन भएको केन्द्रको अध्ययन छ । अन्य मेशिनहरु ७५ प्रतिशत मर्मतसम्भारबाटै सञ्चालन गर्न सकिने जनाईएको छ । यसबाट के देखिन्छ भने पुराना भैसकेका औजारहरु प्रयोगमा आउँनसक्ने संभावना भएकोले ठूलो धनराशी जोगिने भयो ।

कारखाना संचालन गर्न सकिने र एक वर्ष भित्रै कृषिसँग सम्बन्धित औजार उत्पादन हुने संकेत आविस्कार केन्द्रले दिएको छ । अब बाँकी रह्यो सरकारले केन्द्रको रिपोर्टलाई कसरी लिने भन्ने हो ? आविस्कार केन्द्रसँग सामान्य एकपाने कागजमा हस्ताक्षर गरिएको भनिदैन । यति ठूलो योजनामा विस्तृत अध्ययन पछि संझौताको आवश्यकता हुन्छ । हचुवामा भरमा काम गर्न मिल्दैन। आविस्कार केन्द्रले बुझाएको प्रतिवेदनलाई मसिनासँग अध्ययन गरेर आवश्यकता र औचित्यको आधारमा पैसा उपलब्ध गराउनु सरकारको कर्तव्य हो । अविकार केन्द्रले पहिलो चरणमा ८ देखि १० महिनाभित्र कुटो, कोदालो, कैची, बेल्चा देखि धान झार्ने मेसिन र अन्य हातले चल्ने साना मेसिनहरुको उत्पादनको काम शुरु गर्ने जनाएको छ । र, दोस्रो वर्षदेखि भने सरकारको आर्थिक सहयोगमा कारखानामा आधुनिक टेक्नोलोजी भित्राउने र नाफामुलक ढंगबाट उत्पादन क्षमता बढाउने जनाईएको छ ।

सोभियत संघ सरकारको सहयोगमा २०२४ सालमा स्थापना भएको कृषि औजार कारखाना राजनीतिकरणका कारण ध्वस्त भएको हो ।०४६ सालमा बहुदल आएपछि राजनीति परिवर्तन सँगै कृषि औजार कारखानाका राजनीतिक हस्तक्षेप हुन थाल्यो र २०५९ सालदेखि कारखाना पुर्ण रुपमा बन्द भएको हो । सरकारी उद्योगलाई नीजिकरण गर्ने योजना अनुरुप २०५४ सालमा कारखाना नीजिकरणमा पनि गरियो । कारखानाको ६५ प्रतिशत शेयर बिक्री गरेर सञ्चालनको जिम्मा नीजि क्षेत्रलाई दिइएको थियो तर त्यो पनि सफल हुन सकेन।

विगतका अभ्यासबाट पाठ सिकेर कसरी अगाडी बढ्ने हो त्यसको स्पष्ट खाका बन्न आवश्यक छ। सरकारले विशेषज्ञ टोली बनाएर आफूले पनि कारखानाको निरिक्षण रिपोर्ट तयार गर्ने र आविस्कार केन्द्रसँग बसेर परस्पर छलफलबाट अघि बढ्नु उचित हुन्छ। सकारात्मक थालनीको अभ्यास सुरु भएको छ, यसले साकार रुप लिनसक्नु पर्दछ ।

# जनता जाग्नु पर्यो

*मलाई लाग्दछ, बाहिरबाट हेर्दा समुन्द जति शान्त देखिन्छ, त्यत्तिकै उ भित्र तरङ्गहरु चलिरहेका हुन्छ । त्यस्तै अवस्था छ हामी कहाँ ।*



- डा. राजेन्द्र बिमल

चुनावको खासै उत्साहपूर्ण वातावरण अनुभव गर्न पाइएन यस पटक । त्यै पनि नागरिक कर्तव्य निर्वाह गरौं भनेर भोट हालियो । भिडभाड उतिसारो थिएन । पैसाको चलखेल, मासु भात, दारुका कुरा छदैं थिए । भोट हाल्न आएकाहरुको कानेखुसीबाट जातिय पक्ष हाबी भएको जस्तो लाग्यो।

लोकतन्त्रमा चुनावहरुको महत्व रहन्छ । यहीँ सोच र कारणले मलाई भोट हाल्न प्रेरित गरेको हो। मैले आफ्नो कर्तव्य निर्वाह गरेँ । आम मानिसमा एक किसिमको निराशा छ र संगसँगै सकारात्मक परिवर्तनको पक्षमा अहिलेका युवाहरु अगाडी आएको पनि देखिदैंछ। मलाई लाग्दछ, निराशाबाट नयाँ सूर्योदयको आशा गर्ने हो भने जनता जाग्नु पर्दछ । राजनीतिक चिन्तक डायसीले लेखेको जस्तै अवस्थामा त हामी छैनौं ? मेरो मनमा यो प्रश्न बारम्बार उठिरहन्छ । डायसीले भनेका छन् 'जनतामा राजनीतिक चेतना विकास भएन भने जुनसुकै राजनीतिक व्यवस्था आएपनि त्यसका नेताहरुमा अधिनायकवादी चरित्र विकास हुँदै जान्छ ।'

विगतका केही चुनावहरुबाट प्राप्त परिणाम र राजनीतिक नेतृत्वको व्यवहार अनि काम गर्ने शैलीले अधिनायकवादी बाटोको खतरा समाप्त पारेको छैन । इतिहास देखीका कुरा गर्ने हो भने हामीले धेरै निर्वाचनहरुमा भाग लिएका छौं । तर, लोकतान्त्रिक अभ्यास र पद्धती बसाल्न सकिरहेका छैनौं। के देखिन्छ भने समय समयमा जनताका आकाक्षा,आवाजहरुमाथि बन्देज गरिन्छ। जनताले थेग्न नसक्ने अवस्थामा पुगेपछि विस्फोट हुन्छ । नयाँ व्यवस्था आउँछ, त्यसले पनि लामो समयसम्म जनताका आकाक्षा पुरा गर्न सक्तैन, फेरी विस्फोट हुन्छ । यसै गरी हामी समयक्रममा नयाँ नयाँ राजनीतिक अभ्यासमा प्रवेश गर्दे आएका छौ ।

जब हामी किशोरावस्थामा थियौं, २०१५ सालको आम निर्वाचनको बेलामा । त्यसबेला भोट त हालेनौं तर राजनीतिक चलखेल र त्यसबेलाको राजनीतिक सामाजिक अवस्था मानसपटलमा अहिले पनि ताँजा छन् ।एउटा उत्सव जस्तै थियो आम चुनाव । आम नागरिकमा उत्साह थियो, चुनावमा भाग लिन पाएकोमा हर्षित देखिन्थे मतदाताहरु । सात सालको क्रान्तिको नायक नेपाली काग्रेसको पक्षमा जनलहर थियो । विपी र गणेशमान जनकपुर आउँदा ठूलो संख्यामा नागरिक भेला भएका थिए । एक किसिमको जनलहर जस्तै थियो काग्रेसको । मलाई लाग्दछ, त्यसबेला काग्रेसका महेन्द्रनारायण निधिले चुनाव जितेका । मेरो जन्मघर अहिलेको नगराइन नगरपालिका अर्न्तगतको खिरखिरिया हो । निधि पनि त्यतैका थिए । २०१५ सालको चुनावको बेला जनतामा जस्तो उत्साह, उमगं र जन आकाक्षाहरु थिए, त्यसपछिका चुनावमा त्यस्तो अनुभव गर्न पाइएन, आज पर्यन्त । हाम्रो परिवारमा पनि राजनीतिक वातावरण थियो नै । मलाई लाग्दछ, त्यसबेला सरस्वती हाइस्कूलमा चुनाव भएको थियो । हामी हेर्न गएका थियौं । त्यसबेला काग्रेसको प्रभाव थियो । बाक्लो उत्साह थियो जनजनमा । गोरखादलका उम्मेदवार र कार्यकर्ता पनि थिए । अरु राजनीतिक दल पनि थिए, चुनावमा । त्यस्तो उत्साही जनसागर त्यसपछी मैले देख्न पाएको छैन । २०१५ सालको निर्वाचन पछि काग्रेसको सरकार बन्यो । तर, लामो समय काम गर्न पाएन । राजाले शासनसत्ता हातमा लिए।

> “स्थापित नेतृत्व पङ्ती प्रति घोर निराशा छ । आशाका नयाँ किरण नभएका होइनन्, त्यसका लागि नयाँ पुस्ता अगाडी आउँनु पर्दछ ।

## पंचायती अभ्यास

राजा महेन्द्रले शासन हातमा लिएको ४, ५ वर्ष पछि राष्ट्रिय पंचायतको चुनाव भयो । राजाको पालामा पहिला जस्तो थिएन । तलदेखी माथीसम्मको एउटा संरचना बनाइयो । गाउँ विकास समिती, नगरपालिका, जिल्ला विकास समिति र राष्ट्रिय पंचायत गरी तीनवटा राजनीतिक संरचना थियो । तर, ती निकायमा को को उठ्ने र कसलाई जिताउने भन्ने कुराको निर्णय, प्रमुख जिल्ला अधिकारी, अंचलाधीस हुँदै माथी दरबारसम्मको पहुँच भएको संयन्त्र थियो । उम्मेदवार धेरै हुन पाउँदथे, तर अहिले जस्तो धेरै दलका होइन । सबै पंचायती व्यवस्थाकै पक्षपाती तर उम्मेदवार हुन पाँउने । एउटै पार्टीका धेरै उम्मेदवार भए जस्तै । नियन्त्रित र निर्देशित राजनीतिक व्यवस्था अर्न्तगत चुनाव हुन्थे । राष्ट्रिय पंचायत अहिलेको संसद जस्तैमा कसकसलाई ल्याउने दरबारको नीति र निर्देशनमा उम्मेदवार बनेकाहरु मध्ये विजयी हुन्थे । धनुषामा दरबारको कृपा शेरबहादुर मल्ल र उनकी पत्नी शारदा मल्ललाई थियो । उनीहरुलेनै सधै जित्दथे। अंचलाधीसहरुको प्रत्यक्ष निगरानीमा तोकिएका मानिसलाई जनताबाट अनुमोदन गराउन चुनाव गरिन्थ्यो ।

पंचायती व्यवस्थामा राजाले विभिन्न प्रयोग गरे । त्यसै अर्न्तगत स्नातक अध्ययन गरिसकेकाहरु राष्ट्रिय पंचायत सदस्यमा उम्मेदवार बन्ने व्यवस्था गरियो । हामीले त्यसबेला पंचायती व्यवस्थाको आलोचना गर्ने ऋषिकेश शाह र रामराजाप्रसाद सिंहलाई जितायौं । हामी कलेजमा पढाउन थालेका थियौं । जताततै सुराकी हुन्थे। हामीले पंचायती व्यवस्था विरुद्धमा बलिरहेको आगोमा घीउ थप्ने काम गरेका थियौ,त्यसबेलां । पंचायती व्यवस्थामा चुनावहरुमा पंचहरु मध्येमै तर दरबारले चाहेका मानिस जिताउन व्यापक धाँधली गरिन्थ्यो । भय र आतकले घर गरेको हुन्यो जनमानसमा ।

जनतामा असन्तोष फैलदैं गइरहेको अनुभव हुन्थो। दरबारको खेल खेल्दथ्यो । पंचायती व्यवस्थालाई टिकाउन कहिले काग्रेसका मानिसलाई पंच बनाउने कहिले कम्यूनिष्टहरुलाई काँखी च्याप्ने नीति लिइएको थियो। पंचायती व्यवस्थाको जनतामा आशा, भरोसा र विश्वास गुम्दै गएको अवस्थामा २०३६ सालमा सुरु भएको विद्यार्थी आन्दोलनले राजनीतिक रुप लियो । यता विपि मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि राजनीतिक गतिविधि बढ्न थालेको थियो नै । विद्यार्थी आन्दोलनको स्वरुप बद्लिदैं गएपछि अन्त्यमा राजाले सुधारिएको पंचायती व्यवस्था रोज्ने की बहुदलीय व्यवस्था रोज्ने भनेर जनमत स्रगह गर्ने नीति अघि सारे । जनमतस्रगहको समयमा जनकपुरमा विपी र गणेशमान आउँदा ठूलो संख्यामा नागरिक आमसभामा सहभागि भएका थिए । पंचायतकालमा आम नागरिक कुण्ठित थिए, भित्रभित्रै असन्तोष बढ्दै थियो । ३६ सालमा जनतामा गुम्सिएको आक्रोस विष्फोट भएको थियो । अनेक धाँधली गरेर पंचायती व्यवस्थाले जितेको परिणाम निकालियो । तर, पंचायती व्यवस्थामा खास परिवर्तन गरिएन ।

## ४६ सालको जग ३६ साल

२०३६ सालको जनमत संग्रहको परिणामले पंचायतले जितेको भएपनि जनताको आक्रोस मथ्थर भइसकेको थिएन । निर्दलिय व्यवस्थाको विरुद्धको वातावरण त्यसैबेला देखी तयार भएको थियो । जनतामा आत्मवल विकास हुँदै गयो, पंचायत व्यवस्थाका संचालकहरु व्यवस्था टिकाउने उद्यममामात्र लागे । जनतामा उम्लिरहेको प्रजातन्त्र प्रतिको भावनालाई कुनै मतलव दिइरहेका थिएनन् । २०३९ सालमा संविधान संशोधन गरेर २०४२ सालमा राष्ट्रिय पंचायतको चुनाव गराइएको भएपनि त्यँही चुनाव पंचायतको अन्तिम चुनाव हुनपुग्यो ।

एकातिर जनताको असन्तोष चरम सीमामा पुग्दै थियो भने अर्को तर्फ पंचहरु व्यवस्था टिकाउन एकपछि अर्को गर्दे विभिन्न अभ्यास गरिरहेका थिए ।जनस्तरबाट पंचायती व्यवस्था विरुद्ध संगठित बन्दै अगाडी आउँने काम भयो । एक किसिमको ज्वारमा २०३६ सालदेखी थुप्रिएको आक्रोस विस्फोट भयो जनआन्दोलन भयो । पंचायती व्यवस्था भंग गरियो । नेपाल फेरी एक पटक प्रजातान्त्रिक व्यवस्थामा प्रवेश गर्यो । त्यसबेला पनि जनतामा उत्साह देखिएको थियो । नयाँ राजनीतिक माहौलमा केही गरौं भन्ने भावना विकसित भएको थियो । तर, लामो समयसम्म संसदीय प्रजातन्त्र टिक्न सकेन । २०५२ पछि मुलुकको राजनीतिमा माओवादी 'जनयुद्ध' सुरु भयो र त्यसकै अचानोमा संसदीय प्रजातन्त्र पर्यो । २०५२ देखि २०५६ सम्म र त्यसपछिका राजनीतिक अभ्यासमा संसदीय शक्ति, राजाको राजनीतिक उच्च मनोकांक्षा र माओवादी युद्धको हिंसामा मुलुक फस्यो। २०५६ पछिका ५, ७ वर्षका तीव्र घटनाक्रमहरुबीच राजनीति नयाँ कोर्समा अघि बढ् यो । छोटकरीमा भन्नुपर्दा राजाको महत्वाकाक्षा, माओवादीको हिंसा र बढ्दै गएको जनअसन्तोषको परिणाम जनआन्दोलन भयो । राजतन्त्र समाप्त भयो, हतियारधारी युद्ध छोडेर माओवादी शान्ति प्रक्रिया आए । नयाँ राजनीतिक व्यवस्थाका लागि राजनीतिक दलहरु तयार भए । तर, त्यत्तिले पनि पुगेन ।

## संघीयताको माग

२०६० पछिका घटनाक्रमले मुलुकलाई नयाँ दिशामा अघि बढायो । मधेशमा आन्दोलनहरु, आदीवासी जनजाती आन्दोलन भए, संघीयताको माग भयो । छोटकरीमा भन्नुपर्दा मधेश आन्दोलनको बलमा संघीयताले स्वरुप लियो । के देखिन्छ भने परिवर्तनको आकाक्षाले मानिसहरुले ज्यान गुमाए, रगतको खोलो बग्यो । जनताले चाहेका कुराहरु प्राप्त भए पनि । मुलुक संघीय बन्यो । नयाँ नयाँ आशा पलाउँदै गए, सकारात्मक राजनीतिक घटनाक्रमबीच मुलुक सकारात्मक दिशामा जान खोज्दाखोज्दै परिणाम उल्टो देखियो । राजनीतिक नेतामा आचरण, कार्यशैली र व्यवस्थापनका कारण ठूलो चोट लागेको छ, संघीय लोकतान्त्रिक व्यवस्थालाई । स्थापित नेतृत्व पङ्ती प्रति घोर निराशा छ ।आशाका नयाँ किरण नभएका होइनन्, त्यसका लागि नयाँ पुस्ता अगाडी आउँनु पर्दछ ।

## अर्न्तद्धन्द जारी छ

अहिले आम चुनावकै माहौल । स्थापित नेतृत्व प्रतिको आक्रोस चुलिएको अवस्था छ । र, विभिन्न कोणबाट सघर्षरतछन् विभिन्न पक्षहरु । मलाई लाग्दछ, बाहिरबाट हेर्दा समुन्द जति शान्त देखिन्छ, त्यत्तिकै उ भित्र तरङ्गहरु चलिरहेका हुन्छ । त्यस्तै अवस्था छ हामी कहाँ । अहिलेसम्मका चुनाव, राजनीतिक परिवर्तन र घटनाहरुको अनुभवको आधारमा के भन्न सकिन्छ कि तरङ्गहरु चलायमान छन् । जतिपटक संविधानहरु आए, लेखिए नयाँ संविधानले उत्साह ल्यायो । तर, त्यो टिकाउ हुन सकेन । खङ्ग्रङ सुकेको रुखमा टुँसा पलाउँदा जसरी हावाहुरी र गाईबस्तुबाट खतरा हुन्छ । त्यस्तै अवस्थामा त छैनौं हामीहरु ? गंभिरतापूर्वक लिनुपर्ने समय छ । तर, सकारात्मक परिवर्तनका लागि एउटा युवा पुस्ता सक्रिय छन् । अब जनता सजग हुनुपर्यो । अहिले सम्पन्न चुनाव महत्वपूर्ण कडी हो, नकारात्मकतालाई सकारात्मकमा बद्ल्ने । अहिलेको निराशाबाटै सूर्योदयको आशा गर्ने हो भने जनता जाग्नुपर्यो । (प्राध्यापक, साहित्यकार डा. बिमलसँगको कुराकानीमा आधारित)

**फिचर**

# संसद्को कामका बारेमा किन जान्नुपर्छ जनताले ?

मङ्सिर ४ गते आइतबार सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका: मुद्दाहरूलाई विश्लेषण गर्दा यो चुनाव विधायकीको भन्दा पनि वडा वा पालिकाको जस्तो लाग्थ्यो। स्थानीय विकासका मुद्दाबाहेक अरू केही बहस नै भएन। यो वास्तवमा विधायकीको कामका बारेमा आम मतदातालाई बुझाउन नसक्नुको परिणाम नै हो। कसरी बुझाउने त संसद्को कामका बारेमा जनतालाई? फ्रिडम फोरमले तयार गरेको पुस्तिका खुला सरकार र खुला संसद्मा समावेश गरिएको यो अंशमा यसै विषयमा चर्चा गरिएको छ।

राज्यका विभिन्न अङ्गहरूको पारदर्शिता र नागरिकप्रतिको जवाफदेही लोकतन्त्रको आधार स्तम्भ हो। जनताका प्रतिनिधिहरूले जनचाहनालाई विधिको रूपमा निर्माण गर्ने र सरकारका गतिविधिको निगरानी गर्दै राज्यका साधन स्रोतको समुचित उपयोगका लागि भूमिका निर्वाह गर्ने विधायकी निकाय, संसद्को पारदर्शिता र जवाफदेही प्रतिनिधिमूलक लोकतन्त्रमा ज्यादै महत्वपूर्ण हुन्छ।

संसदीय कारबाहीहरू खुलारूपमा हुने मान्यता विश्वव्यापीरूपमा नै स्वीकार भैसकको छ। तथापि सुरक्षा संवेदनशीलता र आम मानिसको पहुँचबीचको द्वन्द्वमा संसदीय खुलापनका कतिपय मामिलाहरूमा आमधारणा एउटै बनिसकेको छैन। यी दुबै मान्यताको सन्तुलनमा संसद् सचिवालय वा संसद प्रशासनले फरक-फरक नवीन अभ्यास र प्रचलन अगाडि बढाइरहेका छन्।

सैद्धान्तिकरूपमा संसदीय गतिविधि र निर्णयहरू आम मानिसका लागि खुला रहने मान्यता भए पनि व्यवहारमा यो मान्यतालाई आत्मसात गर्न भने कैयौं कठिनाइहरू देखिन्छन्। यसै कारण विश्वभरी नै खुला र जवाफदेही संसद्सम्बन्धी मापदण्डहरू तय गरी अभ्यासमा ल्याउने गरिएको छ।

पछिल्लो सवैधानिक विकास क्रममा संसदीय प्रक्रियाहरू आम नागरिकका लागि खुला रहने विषयले सवैधानिक हकका रूपमा पनि मान्यता पाउन थालेको पाइन्छ। दक्षिण अफ्रिकाको संविधानले संसदीय प्रक्रियाबारे नागरिकको पहुँचलाई भौतिकरूपमा नै केही वैध सीमाहरू सहित सुनिश्चित गरेको छ।

व्यवहारमा सबै मानिस संसद् हेर्न, घुम्न र उपस्थित हुन आउँदैनन्, संसदका गतिविधिबारे उनीहरूको चासोको भोक आमसञ्चार माध्यमहरूबाट पूरा गर्दछन्। त्यसैले संसदीय खुलापनको पहिलो आधार भनेकै संसद्का बैठकहरू र सूचनामा प्रेसको पहुँच कत्तिको सुनिश्चित छ भनेर हेर्नुपर्ने हुन्छ। संसदीय क्रियाकलापबारे आम मानिसलाई सुसूचित गर्नुपर्ने दायित्व निःसन्देह प्रेसमाथि छ। संसद् आफैंले भने प्रेसलाई सो प्रक्रियामा सहज अवस्था बनाउनु पूर्वशर्त हो।



आम मानिसलाई संसदीय प्रक्रियाबारे सुसूचित गराएर देशका सार्वजनिक मामिलामा उनीहरूको सहभागिता अभिवृद्धि गराउने प्राथमिक दायित्व संसद स्वयंको हो। त्यसैले प्रेसमार्फत् मात्र नभई सूचना प्रविधिको उपलब्ध आधुनिक अवसरलाई प्रयोग गर्ने तथा संसदीय मामिलाका बहसमा विभिन्न उमेर, वर्ग र समुदायका मानिसहरूलाई सलग्न गराउन सिर्जनशील कार्यक्रमहरू सञ्चालन गर्न संसद् प्रशासन अग्रसर रहनु पर्दछ। अंग्रेजीको एबचष्किभलत शब्द फ्रान्सेली भाषाको एबचभिभलत शब्दबाट आएको हो जसको अर्थ छलफल वा कुराकानी हुन्छ। युरोपको इतिहासमा ८०० वर्षभन्दा अघिदेखि राज्यका गतिविधिहरूको छलफलका लागि यो शब्द प्रयोग हुँदै आएको छ। धेरैअघि संसद्को पहिलो बैठक इंग्ल्याण्डको बेस्टमिन्स्टरमा सन् १२६५ मा भएको पाइन्छ। विपक्षी दलहरूले हतियारद्वारा नभई वार्ताद्वारा आफ्ना मतभेदको समाधान खोज्न प्रतिनिधिमूलक लोकतन्त्र अभ्यासमा आएको हो। त्यसैले संसद्मा शब्दहरू मात्र हुन्छन्, बहस र संवाद हुन्छ।

संसदीय अभ्यासको इतिहास आठ सय वर्ष हुन लागे पनि प्रेसलाई छुट्टै स्थान (ग्यालरी) दिने प्रचलन सुरू भएको दुई सय वर्ष मात्र भएको छ। सन् १६८८ को द्यर्षी या च्ष्नजतक ले बोल्न पाउने स्वतन्त्रता दिए पनि बेलायती प्रजातन्त्रमा पनि खुलापनको संस्कृतिले प्रवेश पाउन अर्को एक शताब्दी लाग्यो। संसद्का गतिविधि र निर्णयबारे आम मानिसलाई जान्ने थाहा पाउने अवस्था हुनु पर्दछ भन्ने मान्यता सत्रौं शताब्दीको अन्त्यतिर आएर स्थापित भएको हो। सन् १६८० मा बेलायती संसद् हाउस अफ कमन्सले आफ्नो छलफल मतदान र प्रक्रियाका बारेका गतिविधिको अभिलेख दैनिक बनाउने र छाप्ने निर्णय गर्यो। त्यो अगाडि संसद्का छलफल र निर्णय बाहिर ल्याउन हुँदैन भन्ने मान्यता थियो।

संसद्का गतिविधि बाहिर ल्याएकोमा विभिन्न सञ्चार माध्यमलाई रोक समेत लगाइएको इतिहास छ। सन् १७९१ बाट मात्र संसद्मा प्रेसको ग्यालरी राख्ने मान्यता पाएको हो। सन् १८०३ मा हाउस अफ कमन्समा रिपोर्टर ग्यालरी बनाएर पत्रकारलाई पहुँच दिन थालियो। सन् १९०९ बाट मात्रै बेलायती संसद्ले आफ्नै रिपोर्टिङ स्टाफ राखेर अभिलेख सुरक्षित बनाउने प्रचलन सुरू गर्यो।

१७ औं शताब्दीमा बेलायतको प्रसिद्ध पत्रिका गार्जियनका पत्रकार जोन विल्कले लाम सङ्घर्ष गर्न पर्यो। संसद्का जनप्रतिनिधिका कामका बारेमा जनताले जान्न पाउने र पत्रिकाले लेख्न पाउने विषय स्वीकार गराउन बेलायती पत्रकार र सांसदहरूले कैयौं निकाय र राजासंग समेत सङ्घर्ष गर्नु परेको थियो। बेलायतमा हाउस अफ कमन्स र हाउस अफ लर्डसका बहसहरू जस्ताको त्यस्तै टिपोट गरेर वितरण गरिन्छ जसलाई “ह्यानसर्ड” भनिन्छ । प्रकाशक थोमस कर्सन ह्यानसर्डको प्रयासमा सन् १८१२ मा यो परम्परा शुरू भएको हो। यस्तो परम्परा संसदीय व्यवस्था भएका अन्य देशमा पनि अनुकरण गरियो।

निर्वाचन प्रतिनिधिमूलक लोकतान्त्रिक प्रणालीको जग बसाउने सर्वस्वीकार्य पद्धति हो। खास अन्तरालमा राज्यका विभिन्न निकायबाट जनताको लोकप्रिय मत प्राप्त प्रतिनिधिहरू चयन हुन्छन्। त्यसैले यसरी आउने प्रतिनिधिहरू संसद्/विधायिकी निकायमा खास अवधिका लागि मात्र योग्य हुन्छन्। जनप्रतिनिधिले संसद्मा नागरिकको आवाजलाई मुखरित गर्नुपर्ने राजनीतिक, कानूनी तथा व्यवहारिक दायित्व रहन्छ। आफ्नो कार्यकालमा जनप्रतिनिधिले सम्पादन गरेका काम जनचाहना बमोजिम भए भएनन् भन्ने कुरा मूल्याङ्कन हुन आवश्यक छ। यस्ता मूल्याङ्कनले केवल असल र खराब प्रतिनिधि छुट् याउने मात्र नभइ सर्वसाधारण नागरिकले अनुभव गर्ने गरी काम गर्न नसक्ने तथा अनुत्तरदायी व्यक्ति पुनः निर्वाचित हुने सम्भावनालाई समेत निरूत्साहित गर्दछ। जबसम्म आम जनता संसद्का काम र सूचनाबारे पूर्णतः जानकार हुँदैनन तबसम्म उनीहरूले आफ्ना प्रतिनिधिहरूमार्फत् हुने निर्णयबारे जानकारी पाउने उचित प्रबन्ध हुनु पर्दछ। सुसूचित मतदाताले आफ्ना प्रतिनिधिमार्फत् सार्वजनिक मामिलामा सहभागिताको सन्तुष्टि पाउन संसद्ले अधिकतम खुलापनको संस्कृतिलाई बढाउनु पर्दछ। लोकतान्त्रिक प्रणाली र राजनीतिप्रति नागरिकको विश्वासलाई थप उचाइमा पुर्याउन सबै पक्षबाट थप कार्य गर्नुपर्ने अवस्था छ। विश्वासका सङ्कट घटाइ राज्य नागरिक सम्बन्ध बलियो बनाउन दोहोरो सञ्चारको राम्रो संयन्त्रले केही सहयोग पुयाउन सक्दछ। तसर्थ संसदीय खुलापनको वृहत्तर अवधारणा आत्मसात गर्दै जनप्रतिनिधि संस्था अधिकतम खुला भएर क्रियाशील हुनुपर्ने मान्यता अगाडि आएको हो।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार



बागलुङ नगरपालिका-१, रामरेखाका बिमलेश आचार्यले गर्नुभएको व्यावसायिक ड्रागन फ्रुट खेती । उहाँले सात रोपनी क्षेत्रफलमा गर्नुभएको ड्रागन फ्रुट खेती हुर्कदो क्रममा छ । तस्बिरः खेमराज गौतम/रासस

# सरकारलाई ऋण दिन बैंकसँग साढे २ खर्बको स्रोत चाहिने




काठमाडौं, मंसिर ६
चालु आर्थिक वर्ष (आव) २०७९/८० मा नेपाल सरकारले लिएको लक्ष्यअनुसार राष्ट्र ऋण (आन्तरिक ऋण) उठाउन स्रोत अभाव हुने देखिएको छ । यसका लागि नेपाल राष्ट्र बैंकसँग सापटी लिएर बैंकहरुले सरकारलाई ऋण उपलब्ध गराउनुपर्ने सम्भावना छ ।नेपाल सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा लिएको उद्देश्य पुरा गर्नका लागि आन्तरिक ऋणबाट २ खर्ब ५६ अर्ब स्रोत व्यवस्थापन गर्ने लक्ष्य लिएको छ । सोही अनुसार नेपाल राष्ट्र बैंकले (आन्तरिक ऋण) उठाउने तालिका सार्वजनिक गरिसकेको छ ।केन्द्रीय बैंकले सार्वजनिक गरेको राष्ट्र ऋण उठाउने तालिका अनुसार २५६ अर्ब मध्ये ६ अर्ब रुपैयाँ वैदेशिक रोजगार बचतपत्र तथा नागरिक बचतपत्रको माध्यमबाट उठाउने लक्ष्य राखिएको छ । बाँकी रहेको २५० अर्ब राष्ट्र ऋण ट्रेजरी बिल र विकास ऋणपत्रको माध्यमबाट नै उठाउने लक्ष्य राखिएको छ ।विकास ऋणपत्र र ट्रेजरी बिलमार्फत उठाउने लक्ष्य लिएको आन्तरिक ऋणमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाकै हिस्सा मुख्य हुने पूर्वबैंकर भुवन दाहाल बताउँछन् ।अर्थमन्त्रालयको २०७९ असार मसान्तको तथ्यांकअनुसार सरकारको कुल आन्तरिक ऋण ९ खर्ब ८६ अर्ब ११ करोड छ । जसमध्ये बैंक तथा वित्तीय संस्थाहरुको लगानी मात्रै ९ खर्ब ९ अर्ब ७८ रहेको छ । यसले सरकारको आन्तरिक ऋणमा बैंक तथा वित्तीय संस्थाको लगानीको हिस्सा ९० प्रतिशतभन्दा माथि हुने गरेको देखाउँछ ।

तरलता व्यवस्थापन गर्न ५७ अर्ब सापटी

नेपाल राष्ट्र बैंकको २८ कात्तिकको तथ्यांकअनुसार बैंकहरुले तरलता व्यवस्थापन गर्न लिएको सापटी बक्यौता करिब ५७ अर्ब ७८ करोड छ । चालु आर्थिक वर्ष लागेपछि नेपाल राष्ट्र बैंकले बैंकहरुसँग रहेको तरलता अभाव व्यवस्थापन गर्नकै लागि ७२ अर्ब २० करोड ट्रेजरी बिल सोझै खरिद (आउटराइट पर्चेज) मार्फत प्रणालीमा तरलता पठाएको छ ।अहिले बैंकहरुले राष्ट्र बैंकलाई भुक्तानी गर्न बक्यौता रहेको करिब ५८ अर्ब तरलतालाई यथास्थितिमा छोड्ने हो भने पनि आगामी ८ महिनामा सरकारको लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन साढे २ खर्ब स्रोत व्यवस्थापन हुनुपर्छ । जसको प्रमुख स्रोत भनेको बैंक तथा वित्तीय संस्थाको निक्षेप नै हो ।२७ कात्तिकको नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाहरुहरुको औसत कर्जा निक्षेप अनुपात (सीडी रेसियो) ८७.१२ प्रतिशत रहेको छ । राष्ट्र बैंकको नियमकीकय व्यवस्था अनुसार सीडी रेसियो अधिकतम ९० प्रतिशतसम्म पुऱ्याउन सकिन्छ ।अहिलेको सीडी रेसियोअनुसार थप १ प्रतिशत कर्जा विस्तार गर्दा बैंकहरुले नयाँ कर्जा ५० अर्ब भन्दामाथि थप हुन्छ । उक्त अवस्थामा बैंकहरुले तरलता व्यवस्थापन गर्नकै लागि राष्ट्र बैंकसँग लिनुपर्ने सापटी १ खर्ब नाघ्नेछ । बैंकहरुले तरलता व्यवस्थापनका लागि प्रयोग प्रमुख मौद्रिक औजार स्थायी तरलता सुविधा (एसएलएफ) हो ।नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले एसएलएफ सुविधामा कडाइ गर्ने बताइसकेको छ । तर, त्यसलाई कार्यान्वयनमा भने लगेको छैन । हाल बैंकहरुले सरकारी बचतपत्रको धितोमा धितो क्षमताअनुसार आवश्यक एसएलएफ सुविधा लिंदै आएका थिए ।तर, अब भने राष्ट्र बैंकले बैंकहरुको स्वदेशी निक्षेपको एक प्रतिशतले हुन आउने रकमभन्दा बढी एसएलएफ लिन नसक्ने व्यवस्था गर्न खोजेको छ ।'बैंक तथा वित्तीय संस्थालाई अघिल्लो हप्ताको अन्त्यमा कायम रहेको सम्बन्धित संस्थाको स्वदेशी मुद्रामा रहेको कुल निक्षेपको १ प्रतिशतभन्दा बढी बक्यौता नहुने गरी यस बैंकले तोकेको ऋणपत्रको धितोमा अधिकतम ५ दिनसम्म अवधिको स्थायी तरलता सुविधा बैंक दरमा उपलब्ध गराइने छ । विद्यमान कार्यविधिमा आवश्यक संशोधन गरी यो व्यवस्था कार्यान्वयनमा ल्याइनेछ' मौद्रिक नीतिमा भनिएको छ ।यस आधारमा अहिले जति पनि एसएलएफ सुविधा लिइरहेका बैंकहरुले अब भने त्यस्तो सुविधामा कडाइ हुने भएको छ । तर, बैंक दरमा २ प्रतिशत पेनाल ब्याजमा अन्तिम ऋणदाता सुविधा भने बैंकहरुले लिनसक्ने मौद्रिक नीतिमा उल्लेख छ ।' अन्तरबैंक बजार, दैनिक तरलता सुविधा, खुला बजार कारोबार र स्थायी तरलता सुविधाका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकेका बैंक तथा वित्तीय संस्थालाई सो संस्थाले माग गरेमा बैंक दरमा २ प्रतिशत बिन्दुले पेनाल दर थप गरी अन्तिम ऋणदाता सुविधा उपलब्ध गराइने छ' चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भनिएको छ । बैंकर भुवन दाहाल अहिलेको विद्यमान व्यवस्थाअनुसार सरकारसँग सापटी लिएर बैंकहरुले सरकारी ऋणपत्रमा नै लगानी गरिरहेको भन्दै त्यो अभ्यास गलत भएको बताउँछन् । बैंकहरुले आफ्नो क्षमता भएमात्रै लगानी गर्नुपर्ने भन्दै सरकारी बचतपत्र धितो राखेर राष्ट्र बैंकसँग सापट लिएर पुनः सरकारको ऋणपत्रमा नै लगानी गर्दा त्यसले अर्को समस्या आउने उनको तर्क छ ।नेपाल राष्ट्र बैंकका अधिकारीहरु पनि बाह्य क्षेत्रमा देखिएको वर्तमान चुनौतीले सरकारी बचतपत्रको ग्यारेन्टीमा समेत पुनर्विचार गर्नुपर्ने अवस्था आएको बताउँछन् । अहिले सरकारी बचतपत्र नगद सर्कुलेसनमा समेत प्रयोग हुँदै आएको छ ।तर, बाह्य क्षेत्रमा देखिएको वर्तमान समस्याले नगद प्रवाह शतप्रतिशत विदेशी मुद्रालाई जमानत राखेर मात्रै गर्नुपर्ने अवस्था देखिएको नेपाल राष्ट्र बैंकका एक अधिकारीले बताए ।'सरकारी बचतपत्र भनेको सरकारले आवश्यक पर्दा जति ऋण पनि लिनसक्ने भयो त्यसलाई आधार बनाएर नगद प्रवाह गर्दा त्यसले अर्थतन्त्रमा अर्को संकट आउने भन्दै विदेशी मुद्राको आधारमा मात्रै नगद प्रवाह गर्नुपर्ने पाठ सिकाएको छ । अब त्यसतर्फ पनि सोच्नुपर्छ' नेपाल राष्ट्र बैंकका एक अधिकारी भन्छन् ।गत असार मसान्तमा बैंकहरुले सरकारी ऋणपत्र धितोमा राखेर लिएको सापटी करिब साढे २ खर्ब पुऱ्याएका थिए । जुन रकम बैंकहरुले सरकारी बचपतत्र धितोमा राखेर सापटी लिंदै सरकारी बचतपत्रमा नै लगानी गरेका हुन् । बैंकहरुले तरलता व्यवस्थान गर्नकै लागि अत्यधिक सापटी लिने र अल्पकालीन ब्याजदर पनि उच्च भएपनि बीमा राष्ट्र बैंकले करिब ७३ अर्ब ट्रेजरी बिलको सोझै खरिद गरेर सरकारी ऋणपत्रमा बैंकहरुको लगानी घटाएको छ । यस्तै सरकारले केही ऋण भुक्तानी पनि गरेको छ भने करिब ५० अर्ब रुपैयाँ बराबरको ट्रेजरी बिल नवीकरणको लागि बोलकबोल गर्दा राष्ट्र बैंकले नै खरिद गरेको छ । जसले बैंकहरुको राष्ट्र बैंकसँग लिएको सापटी रकम घटेको छ । जुन राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत लिएको लक्ष्य पनि हो । चालु मौद्रिक नीतिमा तरलता सापटी सुविधामा राष्ट्र बैंकले कसिलो नीति लिनुको कारण पनि सरकारी बचतपत्र धितो राखेर लिएको सापटी पुनः सरकारी बचतपत्रमा नै लगानी नहोस् भन्ने नै रहेको राष्ट्र एक उच्च अधिकारीले बताए ।बैंकर भुवन दाहाल बैंकहरुले एसएलएफ लिएर सरकारी ऋणमा लगानी गरेको भन्दै राष्ट्र बैंक त्यसमा अध्ययन गर्नुपर्ने बताउँछन् । 'सरकारी ऋणपत्र बचतपत्र धितो राखेर लिएको सापटी पुनः सरकारी बचपतत्रमा नै लगानी गर्नु भनेको ठूलो समस्या हो,' बैंकर दाहाल भन्छन्, 'यसमा समस्या देखिन्छ, राष्ट्र बैंकले कन्ट्रोल गर्न खोजेको जस्तो पनि देखिन्छ । बैंकहरुले नभएको पैसा दिने होइन ।'अहिलेको अवस्थामा सरकारले लिएको लक्ष्यअनुसार आन्तरिक ऋण उठाउने हो भने मात्रै साढे २ खर्ब स्रोत चाहिने बैंकर दाहाल बताउँछन् ।

यस्तै कर्जाको माग भएर विस्तार गर्नको लागि थप स्रोत आवश्यक हुने उनको तर्क छ ।यसलाई समाधान गर्ने अर्को विकल्पको रुपमा विकास ऋणपत्रको ब्याजदर बढाएर सरकारले सिधै नागरिकसँग ऋण लिनसक्ने भएपनि त्यसले बैंकबाट नै पैसा बाहिरिएर पुनः सीडी रेसियो व्यवस्थापन गर्ने चुनौती हुने उनको तर्क छ । 'बैंकमा अहिले संकलन भइरहेको आन्तरिक स्रोतले सरकारले लिएको लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन र निजी क्षेत्रको माग अनुसार कर्जा दिनको लागि पुग्दैन,' बैंकर दाहालले भने, 'स्रोत वृद्धि नभई सरकारले ऋण उठाउँदा वित्तीय क्षेत्रमा विभिन्न असन्तुलन कायम हुन्छ । सरकारी ऋणपत्र धितोमा राष्ट्र बैंकले बैंकहरुलाई सापटी दिएर सरकारले ऋण लिनुपर्ने बाध्यता छ दुर्भाग्यपूर्ण हो ।' साभार-अनलाईन खवर ।

# पोखरा विमानस्थलको भूमिस्थ सेवा प्रदान गर्न प्राधिकरणलाई अनुरोध



काठमाडौं, ६ मङ्सिर
राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा 'ग्राउण्ड ह्याण्डलिङ' निगमलाई प्रदान गर्न नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गरेको छ ।

निगमले ग्राउण्ड ह्याण्डलिङमा लामो अनुभव रहेको र सोहीअनुसारको दक्ष जनशक्ति तथा आवश्यक प्राविधिक स्रोत साधनको उपलब्धता रहेकाले निगमलाई प्रदान गर्न अनुरोध गरिएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिए । सोमबारदेखि यान्त्रिक परीक्षण उडान भइरहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा प्राधिकरण आफैंले गर्ने जनाएको थियो ।'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगमको स्थापनाकालदेखि नै आफ्नो र अन्य अन्तर्राष्ट्रिय एयरलाइन्सहरूलाई ग्राउण्ड ह्याण्डलिङ सेवा प्रदान गर्दै आएको छ । ग्राउण्ड ह्याण्डलिङ कार्यमा लामो समयसम्मको व्यवस्थापकीय अनुभव, सोहीअनुसारको स्रोत साधन र जनशक्ति रहेकाले पोखरा विमानस्थलको ग्राउण्ड ह्याण्डलिङकार्यसमेतनिगमलाई नै प्रदान गर्न व्यवस्थाका लागि अनुरोध गरिएको छ', निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।निगमले अन्तर्राष्ट्रियस्तरको ग्राउण्ड ह्याण्डलिङ सेवा दिइरहेको र आइसागो, आयोटा सेफ्टी अडिट फर ग्राउण्ड अपरेसन्स सर्टिफाइड रहेको निगमले उल्लेख गरेको छ । साथै आन्तरिक वायुसेवाको भूमिस्थ सेवासमेत गर्न सक्षम भएको छ । निगमले त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ कार्य गर्दै आएको छ । निगमले अन्तर्राष्ट्रिय उडानतर्फ हाल भारतका तीनसहित आठ देशका विभिन्न १० वटा गन्तव्यमा उडान सञ्चालन गर्दै आएको छ ।

दिल्ली उडान कटौतीले आम्दानी खुम्चियो

निगमले मुख्य आम्दानी हुने भारतको नयाँदिल्ली गन्तव्यको उडान कटौती हुँदा आफ्नो आम्दानी खुम्चिएको जनाएको छ । काठमाडौं-दिल्ली गन्तव्यमा साताको १४ उडान गर्दै आएकामा हालैको उडान तालिकामा साताको १० वटा उडान मात्र प्राधिकरणबाट स्वीकृत भएकोले निगमको आम्दानीमा सङ्कुचन भएको निगमले विज्ञप्तिमा जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणको निर्देशनानुसार निगम व्यवस्थापनले निर्णय गरी सञ्चालक समितिको समेत स्वीकृतिपश्चात साताका चार उडान गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा (काडमाडौं-दिल्ली-भैरहवा-काठमाडौं) उडान गर्ने गरी स्वीकृतिका लागि प्राधिकरणमा पठाइसकिएको छ । साथै, निगमको कटौती भएको उडान यथावत सञ्चालन गर्ने र आवश्यकताअनुसार अन्य गनतव्यमा उडान थप गर्नसमेत मन्त्रालय र प्राधिकरणलाई अनुरोध गरिएको निगमले जनाएको छ । रासस

# सवारी लाइसेन्स छाप्न नयाँ मास प्रिन्टर किन्न ठेक्का



काठमाडौं, मंसिर ६
यातायात व्यवस्था विभागले थोरै समयमा धेरै स्मार्ट सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छाप्ने क्षमताको मेसिन (मास प्रिन्टर) किन्न बोलपत्र आह्वान गरेको छ । यसअघि पनि विभागले एउटा मास प्रिन्टर किनेर लाइसेन्स छाप्दै आएको छ ।साना प्रिन्टरबाट छापेर वितरण गर्दा माग धान्न नसक्ने अवस्था आएपछि विभागले मास प्रिन्टर ल्याएको थियो ।अहिलेको मास प्रिन्टरले एक घण्टामा १५ सय वटा लाइसेन्स छाप्न सक्छ । कम्तीमा अहिले प्रयोगमा रहेको प्रिन्टरको क्षमता नघट्ने गरी अर्को प्रिन्टर किन्न लागिएको विभागका प्रवक्त इश्वरीदत्त पनेरूले बताए । '

लाइसेन्स छिटो छापेर सेवाग्राहीलाई दिने वातावरण बनाउन नयाँ प्रिन्टर किन्न लागेका हौं,' उनले भने ।मागअनुसार लाइसेन्स छाप्न नसकिएकाले 'ब्याक लग' संख्या दिनानुदिन बढ्दो छ । लाइसेन्स वितरणलाई नियमित गर्ने हो भने दैनिक ४ हजार लाइसेन्स प्रिन्ट हुनुपर्छ । तर, हाल औसत निकै थोरै मात्रामा लाइसेन्स प्रिन्ट हुन्छ ।देशभरका १७ वटा लाइसेन्स कार्यालयबाट लाइसेन्स वितरण हुन्छ । प्रिन्ट भने काठमाडौंको मीनभवनस्थित विभागको कार्यालयमा मात्र हुन्छ ।कागजी लाइसेन्स हटाएर देशव्यापी रुपमा स्मार्ट लाइसेन्स वितरण थालेपछि लाइसेन्सको माग र छपाइको सन्तुलन मिलेको छैन । जसका कारण एक वर्षसम्म पनि सेवाग्राहीले लाइसेन्स नपाउने समस्या छ । त्यसमाथि बेला-बेलामा छपाइ गर्ने कार्ड सकिने समस्या दोहोरिरहन्छ । साभार-अनलाईन खवर ।



सप्तरी प्रदेशसभा क्षेत्र नं २ (ख) मा जनमत पार्टीबाट विजयी हुनु भएका महेश यादव निर्वाचित भएपमिट मङ्गलबार निकालिएको विजयी र्‍याली ।

*तस्बिर : मनोजकुमार मोरबैता, रासस*

# मेरो विजय भनेकै लोकतन्त्रको विजय हो : नेता सिंह



काठमाडौँ, ६ मङ्सिर

काठमाडौँ क्षेत्र नं १ बाट विजयी हुनुभएका नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान कार्यान्वयनका लागि राजनीतिक स्थायित्व र सुशासन नै अहिले मुख्य एजेण्डा भएको बताएका छन । लोकतान्त्रिक-वाम गठबन्धनको तर्फबाट उम्मेदवार बनेका उनि सात हजार १४३ मत ल्याई निर्वाचित हुनुभएको छ । उहाँ निकटतम् प्रतिद्वन्दी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रवीन्द्र मिश्रलाई १२५ मतान्तरले पराजित गरी प्रतिनिधिसभा सदस्यमा चौथोपटक विजयी बनेका छन । निर्वाचित भएपछि काठमाडौँ निर्वाचन क्षेत्र १ का मतदातालाई हार्दिक धन्यवाद दिँदै उनले यस जितले लोकतन्त्रवादीको शिर माथि उठेको बताउनुभयो । लोकतन्त्रमा जनता सर्वोच्च र निर्णायक हुने र उनीहरूको मतले नै राज्य सञ्चालन हुने हुँदा यसलाई सबैले स्वीकार गर्नुपर्ने बताउँदै नेता सिंहले स्वच्छ प्रतिस्पर्धाले नै लोकतन्त्रलाई बलियो बनाउँछ भने । आफ्नो सम्पूर्ण जीवन नै लोकतन्त्रका लागि गरेको समर्पण र स्वच्छ छविकै कारण यस क्षेत्रका जनताले पटकपटक विजयी गराएका उनको भनाइ छ । उनले कांग्रेसले जनतालाई जसरी अधिकार दिलाउन तथा संविधान लेख्न र शान्ति प्रक्रियामा नेतृत्व गर्‍यो अब त्यसलाई कार्यान्वयन गरेर आर्थिक क्रान्ति गरी समुन्नति र सम्पन्नता हासिल गर्ने अभियानमा पनि पार्टीले नेतृत्व गर्ने दृढता व्यक्त गरे । अहिलेको अर्थतन्त्रको सङ्कट समाधान गर्ने र लगानीमैत्री वातावरण बनाउने नयाँ सरकारको मूल दायित्व रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि आफूले पहल गर्ने बताए ।

उनले तीन तहका सरकारले आफ्नो हिसाबले जनतामा सेवा प्रवाह गर्न नसकेका कारण सङ्घीयता लागू भए पनि केन्द्रीकृत एकात्मक व्यवस्था र सङ्घीयताबीचको भिन्नताबारे मतदाताले प्रश्न गरिरहेको उल्लेख गरे । पूर्वउपप्रधानमन्त्री सिंहले भने , सङ्घीयतामा तीन तहको सरकार सक्रिय हुनुपर्नेमा अहिलेसम्म त्यो भएको छैन ।

त्यो नभएकै कारण मात्र एकात्मक व्यवस्था र सङ्घीयताको फरक के हो भन्नबारे सर्वसाधारणबाट प्रश्न भएको छ, त्यसलाई अधिकारका साथ काम गरेर देखाउन चाहन्छौँ । निर्वाचनको मत परिणामको प्रारम्भिक नतिजाले नेपाली कांग्रेस नै सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुने दाबी गर्दै उनले जनतालाई आवश्यकतानुसारको सेवा र सुविधासहित देशलाई समृद्धिको बाटोमा अगाडि बढाउन पार्टी दृढ रहेको उम्मेदवार बताए ।

नेता सिंहले निर्वाचन घरदैलोका क्रममा मतदाताले राखेका विकास निर्माण, जनजीविकाका सवाल र राजनीतिक स्थिरताका लागि आफूले विगतमा जस्तै एक जिम्मेवार जनप्रतिनिधिको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

विगतमा राजनीतिक अस्थिरताका कारण जनअपेक्षा पूरा गर्न नसकिएको भन्दै नेता सिंहले अब आफ्नो सम्पूर्ण ध्यान स्थायित्व कायम गर्दै जनताको जीवनयापन सरल बनाउन सक्रिय हुने बताए । विसं २०४६ को जनआन्दोलनका कमाण्डर गणेशमान सिंह र नेपाल महिला सङ्घकी संस्थापक अध्यक्ष मङ्गलादेवी सिंहका छोरा उनी सानो उमेरदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहेका थिए ।

विसं २०१२ मा जन्मेका उनी २०३४ सालमा नेविसङ्घको केन्द्रीय सदस्य बने भने २०३६ सालमा अध्यक्ष बने । विसं २०४७ देखि निरन्तर १० वर्षसम्म नेपाली कांग्रेसको काठमाडौँको सभापति रहे भने नेपाली कांग्रेसको विभाजनपछि नेपाली कांग्रेस (प्रजातान्त्रिक) को उपसभापति बने ।

विसं २०६४ मा पार्टी एकीकरणपछि २०६७ मा भएको १२औं महाधिवेशनबाट उनी महामन्त्रीमा निर्वाचित भए । उनले २०५३ सालमा राष्ट्रियसभा सदस्य भएर छ वर्षको कार्यकाल पूरा गरे । विसं २०६४ मा भएको पहिलो संविधानसभा र त्यसपछिका तीनवटै आम निर्वाचनमा उहाँले काठमाडौँ-१ मा क्षेत्रबाट विजय हासिल गर्दै आएका छन । उनी सुशील कोइरालाको मन्त्रिमण्डलमा उपप्रधानमन्त्री, स्थानीय विकास तथा सङ्घीय मामिलामन्त्री भएका थिए । पार्टी र सरकारमा रहँदा सधैँ इमान्दार र निष्ठा राख्नुहुने उनी विकासप्रेमी नेताका रूपमा चिनिन्छन । रासस

# एक सय ४७ स्थानमा मतगणना जारी : कांग्रेस ४८, एमाले ३४ र माओवादी १८ स्थानमा अगाडि

काठमाडौँ, ६ मङ्सिर

आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको एक सय ६५ निर्वाचन क्षेत्रमध्ये एक सय ४७ स्थानमा मतगणना जारी छ ।

निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार हालसम्म तीन निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । आयोगका अनुसार हालसम्म काठमाडौँ क्षेत्र नं ४ मा कांग्रेसका गगनकुमार थापा, मनाङ क्षेत्र नं १ मा टेकबहादुर गुरुङ र मुस्ताङ क्षेत्र नं १ मा योगेश गौचन थकाली निर्वाचित भइसक्नुभएको छ । जारी मतगणनामा कांग्रेसका उम्मेदवार ४८ स्थानमा अगाडि छन् । नेकपा (एमाले) ३४, नेकपा (माओवादी केन्द्र) १८, राष्ट्रिय स्वतन्त्र पार्टी १३, नेकपा (एकीकृत समाजवादी) सात र अन्य उम्मेदवार २४ स्थानमा अगाडि छन् । प्रदेशसभाको प्रत्यक्षतर्फ प्रदेश नं १ मा एमाले १५, कांग्रेस ११, माओवादी पाँच, एकीकृत समाजवादी चार र राष्ट्रिय प्रजातन्त्र पार्टी दुई स्थानमा अगाडि छन् । मधेस प्रदेशमा जनमत पार्टी दुई, कांग्रेस आठ, एमाले १२, जनता समाजवादी पार्टी पाँच र अन्य उम्मेदवार १४ स्थानमा अगाडि छन् ।



मधेस प्रदेशमा जनमत पार्टीका दुई उम्मेदवार विजयी भएका छन् । सप्तरी निर्वाचन क्षेत्र नं १ मा सतिशकुमार सिंह र क्षेत्र नं २ मा महेशप्रसाद यादव विजयी भएका छन । बागमती प्रदेशमा कांग्रेस १६, एमाले १४, माओवादी केन्द्र पाँच, एकीकृत समाजवादी र राप्रपा चार/चार तथा अन्य दुई स्थानमा अगाडि छन् । बागमती प्रदेशभाको प्रत्यक्षतर्फ काठमाडौँ निर्वाचन क्षेत्र नं १ मा कांग्रेसका छिरिङ दोर्जे लामा र ललितपुर निर्वाचन क्षेत्र नं २ मा रामकृष्ण चित्रकार तथा ललितपुर निर्वाचन क्षेत्र नं १ मा एमालेका रामेश्वर श्रेष्ठ विजयी भएका छन । गण्डकी प्रदेशमा कांग्रेस आठ, एमाले ११, माओवादी केन्द्र तीन र एकीकृत समाजवादी एक स्थानमा अगाडि छन् । गण्डकीमा मनाङ क्षेत्र नं १ बाट कांग्रेसका मुनिन्द्रजङ्ग गुरुङ, मुस्ताङ क्षेत्र नं १ बाट नम्डु गुरुङ, क्षेत्र नं २ बाट विकल शेरचन विजयी हुनुभएको छ । मनाङ क्षेत्र नं २ बाट स्वतन्त्र उम्मेदवार राजीव गुरुङ विजयी भएका छन । लुम्बिनी प्रदेशमा एमाले ११, कांग्रेस नौ, माओवादी केन्द्र चार, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, जनता समाजवादी पार्टी दुई र अन्य उम्मेदवार छ स्थानमा अगाडि छन् ।

कर्णाली प्रदेशमा कांग्रेस र माओवादी केन्द्र चार/चार तथा सुदूरपश्चिम प्रदेशमा कांग्रेस पाँच, एमाले चार, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र उम्मेदवार एक/एक स्थानमा अगाडि छन् ।रासस

# समानुतिकतर्फ एमाले अगाडि

काठमाडौँ, ६ मङ्सिर

प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ । मंगलवार अपराह्न ५:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले एक लाख १३ हजार चार सय ३६ मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले ९७ हजार ८२, राष्ट्रिय स्वतन्त्र पार्टीले ४९ हजार २९, नेकपा (माओवादी केन्द्र) ले ४१ हजार आठ सय २३, राष्ट्रिय प्रजातन्त्र पार्टीले २७ हजार आठ सय २१, जनता समाजवादी पार्टी नेपालले नौ हजार १९, जनमत पार्टीले आठ हजार चार सय ८४, नागरिक उन्मुक्ति पार्टीले छ हजार ५९, नेपाल मजदूर किसान पार्टीले पाँच हजार छ सय ७१ र नेकपा (एकीकृत समाजवादी) पार्टीले पाँच हजार ४०३ मत प्राप्त गरेको छ । प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले २९ हजार सात सय ५०, कांग्रेसले २४ हजार नौ सय ७७, माओवादी केन्द्रले १० हजार तीन सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले सात हजार पाँच सय ८० र जनता समाजवादी पार्टीले पाँच हजार एक सय ४ मत प्राप्त गरेका छन् ।



मधेस प्रदेशमा कांग्रेसले पाँच हजार छ सय, एमालेले पाँच हजार चार सय ८७, जनमत पार्टीले चार हजार तीन सय ९८, जनता समाजवादी पार्टी नेपालले दुई हजार पाँच सय २२ र माओवादी केन्द्रले एक हजार नौ सय ९५ मत प्राप्त गरेको छ ।

बागमती प्रदेशमा कांग्रेसले १५ हजार नौ सय २१, एमालेले १५ हजार पाँच सय ५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले नौ हजार पाँच सय छ, माओवादी केन्द्रले सात हजार चार सय ५६ र नेपाल मजदुर किसान पार्टीले पाँच हजार १९ मत प्राप्त गरेका छन् ।

गण्डकीमा एमालेले २२ हजार ७०, कांग्रेसले १५ हजार सात सय ७१, माओवादी केन्द्रले चार हजार आठ सय ७५, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार हजार पाँच सय २४ र हाम्रो नेपाली पार्टीले एक हजार नौ सय ६० मत प्राप्त गरेको छ । लुम्बिनी प्रदेशमा एमालले ३२ हजार ४८, कांग्रेसले २३ हजार तीन सय ९९, माओवादी केन्द्रले १० हजार छ सय ५५, राप्रपाले सात हजार पाँच सय १९, नागरिक उन्मुक्ति पार्टीले पाँच हजार छ सय १९ मत प्राप्त गरेको छ ।

कर्णालीमा माओवादीले तीन सय ४३, एमालेले एक सय ७९, कांग्रेसले ९९, राप्रपाले ७० र हाम्रो नेपाली पार्टीले छ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन ।

रासस

# नौ निर्वाचन क्षेत्रको मतगणना शुरू हुन बांकी

काठमाडौँ, ६ मङ्सिर

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अब आठ जिल्लाका नौ निर्वाचन क्षेत्रका मतगणना सुरू हुन बाँकी रहेको छ । ती क्षेत्रमध्ये अधिकांशमा मतपेटिका सङ्कलन भइसकेको र मतगणना सुरू हुने क्रममा रहेको तथा केही क्षेत्रमा राजनीतिक सहमतिपछि




मतगणना प्रारम्भ हुने निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए । आयोगका अनुसार मतगणना हुन बाँकी रहेकामा बागमती प्रदेशको दोलखा क्षेत्र नं. १, गण्डकी प्रदेशको स्याङ्जा क्षेत्र नं २, लुम्बिनी प्रदेशको गुल्मी क्षेत्र नं १ रहेका छन् । गुल्मीको एक मतदानस्थल (अर्वेनी) मा आजै पुनःमतदान भएको छ ।कर्णाली प्रदेशको मुगुमा मतपेटिका सङ्कलन भइसकेको छ भने डोल्पामा ११ र हुम्लामा ३४ मतदान केन्द्रको मतपेटिका सङ्कलन हुन बाँकी रहेको छ । सुर्खेतको सिम्ता मतदानस्थलमा आज पुनः मतदान भएको छ । सुदूरपश्चिम प्रदेशको बाजुराको बुढीनन्दा नगरपालिकामा पुनः मतदान हुन बाँकी छ ।रासस

# दुर्घटनामा पत्रकार विश्वकर्माको निधन

मधेशदृष्टि

काठमाडौ, मंसिर ६ ।

पत्रकार महावीर विश्वकर्माको सवारी दुर्घटनामा निधन भएको छ । चितवनबाट काठमाडौँ आउने क्रममा माइक्रोबस ट्रकमा ठोक्किदा ३५ वर्षीय विश्वकर्माको निधन भएको हो ।



चितवनको सुन्दरवस्तीबाट नारायणघाटतर्फ आउँदै गरेको बा ४ ख ४१२ नम्बरको माइक्रो ना २ ख ८५२२ नम्बरको ट्रकमा ठोक्किएको चितवन प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितले जानकारी दिए । विश्वकर्मालाई अस्पताल लैजाने क्रममा बाटैमा निधन भएको पण्डितले बताए । चर्चित रेडियो कार्यक्रम 'बहकिने मन'का प्रस्तोता विश्वकर्मा वैज्ञानिक समाजवादी पार्टीका केन्द्रीय सदस्य तथा जात व्यवस्था उन्मुलन मोर्चा नेपालका सचिव थिए ।

# प्रदेशमा कांग्रेसको ३.........................

८ हजार २९२ मतको फराकिलो मतान्तरले पराजित गर्दै सिंह विजयी भएका हुन् ।

विजयी भएका सिंहले १६ हजार ७३४ मत प्राप्त गरे भने उनका निकट्तम प्रतिद्वन्द्वी साहले मत ८ हजार २९२ प्राप्त गरेका छन् ।

सिंह यस अघि २०७४ को निर्वाचनमा तत्कालिन राजपाबाट तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए । ३० बैशाखमा भएको स्थानियत तहको निर्वाचनमा जनमत पार्टीबाट उम्मेदवार भएपनि जित हात पार्न सकेन । जनमतले उनलाई प्रदेशसभा (क) बाट फेरी सिंहलाई उम्मेदवार बनाए र उनी विजयी भएका हुन् ।

यसै गरी सप्तरी निर्वाचन क्षेत्र नम्बर २ (ख) मा जनमत पार्टीबाट प्रदेशसभा सदस्य पदका उम्मेदवार महेश प्रसाद यादव विजयी भएको छ । उनी १३ हजार ३२५ मत ल्याई विजयी भएका हुन् । यादवका निकटतम प्रतिद्वन्द्वी सत्ता गठबन्धन तर्फबाट नेकपा माओवादी केन्दका उम्मेदवार उमेश कुमार यादवले ७ हजार २३ मत ल्याए ।

विजयी भएका यादव लामो समय देखि माओवादी केन्द्रमा रहेर राजनीति गर्दे आएका थिए । अहिलेका निकटतम प्रतिद्वन्द्वी उमेश पनि उनी संगै माओवादीमा जनयुद्धकाल देखि नै सक्रिय राजनीति गरेर केन्द्रीय सिंचाई मन्त्री बनेका व्यक्ति हुन् ।

यसपालिको निर्वाचनमा माओवादीले महेशलाई टिकट नदिएपछि उनी जनमत पार्टीबाट उम्मेदवारी दिएर विजयी भए । यसअघि २०७४ को निर्वाचनमा महेश यसै क्षेत्रमा माओवादी केन्द्रबाट उम्मेदवार भएका थिए तर चुनाव भने जित्न सकेका थिएनन् ।




न्यूजिल्याण्ड र भारतबीचको तेस्रो ट्वान्टी-२० क्रिकेट खेलमा भारतका मोहम्मद सिराज (सी) न्युजिल्याण्डका मिचेल सान्टनरको विकेटको उत्सव मनाउँदै टोलीका साथी युजभेन्द्र चहल (आर) र सूर्यकुमार यादवसँग। मेलभिल / एएफपी)

# फुटबल विश्वकप २०२२: मरुभूमिस्थित रंगशाला शीतल राख्ने उपाय

काठमाण्डौ,मंसिर ६

जब सन् २०२२ को विश्वकप आयोजना गर्नका लागि कतार छनोट भयो त्यतिबेला धेरैले सो देशको मानव अधिकारको अवस्थादेखि पूर्वाधार चुनौतीका विषयमा विभिन्न प्रश्न उठाए। एउटा प्रश्न ४० डिग्री सेल्सीअसभन्दा माथिको तापक्रममा खेलाडी र दर्शकहरूको कस्तो अवस्था हुन्छ भन्ने थियो।प्रतियोगिता हिउँदमा सार्नु समाधानको एउटा उपाय हुन्थ्यो। तर मरुभूमिमा रहेको धनी देश कतारले यो आयोजनालाई अझै स्मरणीय बनाउने वाचा गरिरहेको छ। एउटा वाचा चाहिँ अति गर्मी हुने स्थानमा पनि उच्च प्रविधिको प्रयोग गरेर वर्षैभरि प्रमुख खेल प्रतियोगिता गर्न सक्ने बनाउने हो। स्थानीय खेलाडी हजर सालेह भन्छिन्ः तापक्रम र आर्द्रता यो क्षेत्रमा खेल्दा सामना गरिने प्रमुख चुनौती हुन्।त्यसो भए कतारले पृथ्वीलाई असर नपर्नेगरी कसरी खेलाडी र दर्शकलाई सहज बनाउने प्रयास गर्छ त?कतारमा मौसम निकै तातो र आर्द्र हुन सक्छ। समुद्रबाट यो सानो देशमा तातो हावा बहन्छ।पहिलो चुनौती भनेको तातो हावालाई बाहिरै राख्ने हो। यो रङ्गशालाको छानाको डिजाइन यस्तो छ कि बाहिरको तातो हावा छेउछाउ वा छानामाथिबाट बहन्छ। यसको हल्का रङ्गले पनि घामको तापलाई फर्काइदिने काम गर्छ।तर मैदान र दर्शकदीर्घामा चिसो कायम राख्न अर्को सिर्जनात्मक समाधानहरूको आवश्यकता पर्दछ।खेलको बेला ४०,००० दर्शक उपस्थित हुन्छन्। ती प्रत्येक ताप र आर्द्रताको स्रोत हुन्।कतारको मौसम अनुसारको तापक्रम र रङ्गशालाभित्रै उत्पन्न ताप व्यवस्थापनका लागि प्रभावकारी प्रणाली आवश्यक पर्छ।दर्शकदीर्घामा रहेका प्रत्येक दर्शकलाई सीटमुनि राखिएको चिसो हावाको पाइपको प्वालबाट शीतलता प्रदान गरिनेछ।ती साँघुरा पाइपको प्वालजस्तो संरचनाले स्नानघरको शावरले जस्तै गरेर हावालाई फैलाएर दर्शकलाई घेर्ने गरी बाहिर फाल्छ।तर हावाको प्रवाह विमानको सीटमाथि रहेको हावा बहने प्वालबाट जस्तो जोडले नभई बिस्तारै निस्कन्छ।फुटबल खेलाडीहरू प्रत्येक खेलमा १० किलोमिटरसम्म दौडन्छन् र तीन लिटरसम्म पसिना



निकाल्छन्। त्यसैले उनीहरूको शरीरलाई शीतलता र पानी आवश्यक परिरहन्छ। कतारको आर्द्र वातावरणमा पसिना सुक्न गाह्रो हुन्छ र शरीर धेरै तात्न सक्छ।त्यसैले कतार विश्वकपका रङ्गशालामा ठूलो पाइपको प्वालबाट चिसो हावा फ्यालेर मैदानमाथि कम तापमानको हावाको तह बनाइनेछ।यो प्रणाली विकास गर्न सघाउने वातानुकूलित हावा विज्ञ डा. साउद अब्दुल गनीका अनुसार ती हावाको बहावको कोण र चिसो हावा कहाँ कसरी बहन्छ भन्ने कुरा मिलाइएका कारण खेलाडीलाई हावा बहेको महसुस हुन्न।यसको नतिजा रङ्गशालामा मैदान र दर्शकदीर्घाभन्दा दुई मिटर जति माथिसम्म मात्र चिसो हावाको तह बन्छ।चिसो हावा तात्दै जान थालेपछि त्यसलाई मध्यम उचाइमा रहेका पाइपका प्वालबाट सोसेर बाहिर पठाइन्छ। त्यसपछि त्यो हावालाई सफा गरेर र चिसो बनाएर फेरि भित्र पठाइन्छ र यसरी एउटा चक्र पूरा हुन्छ।त्यसरी सोसिएको तातो हावालाई रङ्गशालामा सबै कुनामा राखिएका चिसो पानीले भरिएका पाइपबाट पठाइन्छ र चिस्याइन्छ। चिसो पानीले ताप सोसेपछि त्यसलाई तीन किलोमिटर पर रहेको ४०,००० लिटरको ट्याङ्कीमा पुऱ्याइन्छ। जहाँ त्यो पानीलाई अर्को दिनको खेलमा प्रयोग गर्नका लागि पुनः चिसो बनाइन्छ।यो सबै प्रणालीले दोहाको केन्द्रबाट ८० किलोमिटर बाहिर हालसालै बनाइएको सौर्य ऊर्जा उत्पादन केन्द्रबाट उत्पादित ऊर्जा प्रयोग गर्छ।यो प्रणाली विकास गर्ने डा. साउद अब्दुल गनीले बीबीसीलाई कतारले खेलाडीहरू फर्किएपछि पनि लामो समयसम्म स्मरणयोग्य कार्य गर्न चाहेको बताएका छन्।उनी धेरै मानिसलाई सहज वातावरण तयार गर्न वर्षौंसम्म गहन अध्ययन गरेको बताउँछन्। कतारमा सन् २०१९ मा भएको विश्व एथलेटिक्स प्रतियोगिताका खेलाडी र दर्शकहरूसँगको छलफलले आफूलाई सहयोग गरेको उनको भनाइ छ।बीबीसीले कतारको राष्ट्रिय महिला फुटबल टोलीकी रक्षक हजर सालेहसँग कुरा गरेको थियो। ११ वर्षको हुँदादेखि फुटबल खेलेकी उनलाई उच्च तापक्रममा खेल्दाका असहजताबारे थाहा छ। उनी आर्द्रता सबैभन्दा ठूलो चुनौती रहेको बताउँछिन्।नयाँ शीतल प्रणाली भएका दुई रङ्गशालामा सालेहले खेलिसकेकी छन् । कतारमा सबैभन्दा धेरै गर्मी हुने जुन महिनामा खेल्दा निकै फरक महसुस गरेको उनी बताउँछिन्।कतार विश्वकपका आयोजकहरू यो प्रणालीका लागि आवश्यक सबै ऊर्जा सौर्य ऊर्जा प्रणालीबाट आउने भएकोले थप ग्रीनहाउस ग्यास उत्पादन नहुने हुँदा यो वातावरणमैत्रीरहेकोबताउँछन्।तर पूरै प्रतियोगितालाई कार्बन न्यूट्रल बनाउने लक्ष्य भने धेरै ठूलो महत्त्वाकाङ्क्षा हो । रङ्गशालाका कारण हुने कार्बन उत्सर्जनको ९० प्रतिशत ती रङ्गशाला निर्माणका क्रममा भएका हुन्छन्। रङ्गशाला निर्माणका बेला आठ लाख टन ग्रीनहाउस ग्यास वायुमण्डलमा थपिएको मानिन्छ। त्यो एउटा कार ८० हजार पटक पृथ्वी परिक्रमा गर्दा निस्कने जति ग्यास भएको अमेरिकी वातावरण संरक्षण एजेन्सीको भनाइ छ । रङ्गशालाबाहेक दर्शक लगायतकाले कतार पुग्न प्रयोग गर्ने हवाई उडानहरूको कुरा पनि छ । फिफाले रङ्गशालाबीचको कम दूरी र प्रतियोगिता थोरै दिन भएका कारण यस पटक रुसमा सन् २०१८ को विश्वकपमा यात्राका कारण उत्सर्जन भएको भन्दा एकतिहाइमात्रै ग्रीनहाउस ग्यास उत्पादन हुने बताएको छ । कतारको वातावरणमैत्री खेल आयोजनाको वाचा अहिलेसम्म उत्सर्जन भइसकेका कार्बन डाईअक्साइडको क्षतिपूर्ति कार्बन अफसेटिङमार्फत् गर्ने विषयमा पनि निर्भर छ।अहिलेसम्म कतारले कसरी त्यो लक्ष्य हासिल गर्छ भन्ने स्पष्ट छैन। फिफाले विश्वकपका बेला उत्सर्जन हुने ग्रीनहाउन ग्यासबाट भएको क्षतिपूर्ति उर्जाको उच्चतम किफायती उपयोग, फोहोर व्यवस्थापन, नवीकरणीय ऊर्जाको प्रयोग र सम्भवतः वृक्षारोपण गरेर गर्ने बताएको छ। तर अहिलेसम्म त्यस्ता परियोजनाहरूको अन्तिम छनोट भएको छैन । यस्ता परियोजनाहरू कार्बन सोस्न प्रभावकारी बन्न दशकौं लाग्न सक्छ। हालैको बीबीसी अनुसन्धानले त्यस्ता कतिपय परियोजनाका जङ्गलहरू कागजमै सीमित रहेको देखाउँछ। त्यसैले कतारले दाबी गरे अनुसार शून्य कार्बनको उद्देश्य साँच्चै पूरा भयो वा भएन भनेर थाहा पाउन लामो समय कुर्नुपर्छ । कतारले अझै ती रङ्गशालाहरू निर्माण गर्न खटिएका ३०,००० आप्रवासी श्रमिकमध्ये मृत्यु र घाइते भएकाहरूको ठूलो मानवीय मूल्यबारे आलोचनाको जबाफ दिइरहेको छ। कतारमाथि श्रम शोषण, अमावनीय कार्यगत वातावरण, अस्वस्थ बसोबास, तिर्न बाँकी ज्याला र राहदानी खोसिएका आरोपहरू छन् । कतार सरकारले यी आरोपहरूको खण्डन गर्छ र सन् २०१७ देखि लागु नयाँ नियमले श्रमिकहरूलाई अत्यधिक गर्मीमा काम गर्नबाट जोगाएको दाबी गर्छ। तर सन् २०२१ मा मात्रै विश्वकपसँग जोडिएका योजनाहरूमा कम्तीमा ५० जना कामदारको मृत्यु भएको र ५०० जना गम्भीर घाइते भएको तथ्याङ्क अन्तर्राष्ट्रिय श्रम सङ्गठनको छ। कतारको यो तथ्याङ्कमाथि पनि विश्वकपको बेला निगरानी हुनेछ । विविसी

# अर्जेन्टिनामाथि साउदी अरेबियाको जित

काठमाडौं, ६ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अर्न्तगत समूह 'सि'मा रहेको साउदी अरेबियाले अर्जेन्टिनालाई पराजित गरेको छ ।कतारको लुसाइल स्टेडियममा मंगलवार भएको खेलमा साउदी अरेबियाले उपाधि दावेदार मानिएको अर्जेन्टिनालाई २-१ गोल अन्तरले पराजित गरेको हो । खेलमा पहिलो आग्रता भने अर्जेन्टिनाले लियो । कप्तान लियोनल मेस्सीले खेलको १०औं मिनेटमा पेनाल्टीबाट गोल गर्दै अर्जेन्टिनालाई १-० को आग्रता दिलाए । साउदीका साउद अब्दुलहामिदले अर्जेन्टिनाका लिन्ड्रो पारेडेसलाई पेनाल्टी क्षेत्रभित्र फउल गरेपछि भीएआरको सहायताले रेफ्रीले अर्जेन्टिनालाई पेनाल्टी दिएका थिए । तर अर्जेन्टिनाको आग्रता लामो समयसम्म टिक्न सकेन ।पहिलो हाफमा १-० ले पछि परेको साउदीले दोस्रो हाफमा दुई गोल गऱ्यो । खेलको पहिलो हाफमा फितलो खेल प्रदर्शन गरेको साउदीले दोस्रो हाफको सुरुवातदेखि नै अर्जेन्टिनालाई दबाबमा राखेको थियो । खेलको ४९औं मिनेटमा साउदीका सालेह अल सेहरीले गोल गर्दै खेल बराबरीमा ल्याए । फेरास अल्ब्रिकानको पासमा क्रिस्टियन रोमेरोलाई बिट गर्दै उनले गरेको प्रहार गोलमा परिणत भएको थियो ।जितसँगै साउदीले तीन अङ्क जोडको छ । रासस

# इन्डोनेसियाको भूकम्पमा मृत्यु हुनेको संख्या २६८ पुग्यो, १५१ अझै बेपत्ता

जाकार्ता, ६ मङ्सिर

पश्चिमी इन्डोनेसियामा सोमबार गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या २६८ पुगेको छ भने १५१ जना अझै बेपत्ता रहेको स्थानीय अधिकारीले मङ्गलबार बताएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सीका प्रमुख सुहर्यान्तोले पत्रकार सम्मेलनमा बताएअनुसार मृत्यु हुनेको सङ्ख्या २६८ पुगेको छ । सोमबार इन्डोनेसियाको पश्चिम जाभा प्रान्तमा गएको ५.६ म्याग्निच्युडको भूकम्पले पनि १,०८३ जना घाइते भएका र ५८,३६२ जनालाई घरबाट भाग्न बाध्य बनाएको थियो । भूकम्पले २१,००० भन्दा बढी घर र पूर्वाधारमा क्षति पुगेको बताइएको छ । भूकम्पपीडितको खोजी तथा उद्धार कार्य अझै जारी रहेको सुहर्यान्तोले बताएका छन् । यसअघि मङ्गलबार इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले अधिकारीहरूलाई उद्धारकार्यलाई तीव्रता दिन र प्राथमिकता दिन र पीडितको उद्धार गर्न आग्रह गरेका थिए । भूकम्पबाट क्षति भएका घरलाई सरकारले करिब एक करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको क्षतिपूर्ति दिने घोषणा गरेको छ । राष्ट्रपतिले भूकम्प प्रभावित क्षेत्रको भ्रमणका क्रममा सो गोषणा गरेका हुन् । विडोडोले निर्माण गर्नुपर्ने नयाँ घर भूकम्प प्रतिरोधी हुनुपर्नेमा जोड दिएका छन् । सोमबार जकार्ता समय १३:२१ मा गएको भूकम्पको केन्द्रबिन्दु पश्चिमी जाभा प्रान्तको सिआनजुर जिल्लाको १० किलोमिटर दक्षिणपश्चिममा र १० किलोमिटर गहिराइमा रहेको मौसम विज्ञान, मौसम विज्ञान र भूभौतिक निकायले जनाएको छ । (रासस-सिन्ह्वा)



# क्यान्सरको औषधिमा कर कटौती

बेइजिङ, ६ मङ्सिर

चीन सरकारले क्यान्सरको औषधिमा कर कटौती गरेको जनाएको छ । क्यान्सर निको पार्नका लागि प्रयोग गरिने औषधि आयातमा कम्तीमा पनि तीन प्रतिशत अतिरिक्त करको कटौती गरिने योजना चीन सरकारले अघि सारेको यहाँको स्वास्थ्य विभागले जनाएको छ । क्यान्सर रोग निको पार्नका लागि प्रयोग गरिने औषधि विदेशबाट आयात गर्दा तथा स्वदेशी औषधि कम्पनीले देशभित्रै उत्पादन गर्दा पनि कम्तीमा पनि तीन प्रतिशत कर कटौतीको योजना ल्याइएको स्वास्थ्य अधिकारीले जनाएका छन् । यहाँको स्वास्थ्य विभाग तथा अर्थ मन्त्रालयले प्रकाशन गरेको एक संयुक्त विज्ञप्तिमा सो कुरा जनाइएको छ । सो विज्ञप्तिमा आगामी डिसेम्बर १ तारिखदेखि यो कर कटौतीसम्बन्धी नीति कार्यान्वयनमा आउने जानकारी पनि गराइएको छ । यो नीति क्यान्सर रोग निको पार्न प्रयोग हुने ७१ थरि औषधिमा लागू हुने चिनियाँ स्वास्थ्य अधिकारीले जनाएका छन् । यी औषधिमा सन् २०१८ मा पनि सरकारले कर कटौती गरेको थियो । त्यसयता यस्ता औषधिमा कर कटौती गरिएको यो तेस्रो पटक भएको पनि समाचारमा जनाइएको छ । चीनमा पछिल्लो समयमा क्यान्सरका बिरामीको सङ्ख्या बढ्दै गएपछि उनीहरुलाई लक्षित गरेर यो नीति अख्तियार गरिएको हो । (रासस/सिन्ह्वा)



# सोलोमन टापुमा ७.३ म्याग्निच्युडको भूकम्प

मालाङ्गो, , ६ मङ्सिर

सोलोमन टापुको मालाङ्गोको दक्षिण-पश्चिममा मङ्गलबार ७.३ म्याग्निच्युडको भूकम्प गएको संयुक्त राज्य अमेरिकाको भौगर्भिक सर्वेक्षण संस्था (युएसजीएस) ले जनाएको छ ।नोभेम्बर २२ मा १५.० किलोमिटर गहिराइमा भूकम्प गएको थियो । भूकम्पको केन्द्रविन्दु ९.७९० डिग्री दक्षिण देशान्तर र १५९.६०१ डिग्री पूर्वी देशान्तर रहेको थियो । यद्यपी हालसम्म कुनै हताहतको खबर आएको छैन । इन्डोनेसियाको मुख्य टापु जाभामा ५.६ म्याग्निच्युडको भूकम्प गएको एक दिनपछि भूकम्प आएको हो । पश्चिमी जाभाका गभर्नर रिडवान कामिलले इन्डोनेसियाको जाभामा गएको भूकम्पमा परी १६० जनाभन्दा बढीको मृत्यु भएको सीएनएनले जनाएको छ । उद्धारकर्ताहरूले भग्नावशेषमा फसेका बाँचेको खोजी गरिरहेका थिए । मृत्यु हुनेमा अधिकांश बालबालिका रहेको कामिलले बताउनु भएको छ । मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने कामिलले बताए । नोभेम्बर २१ मा स्थानीय समयानुसार दिउँसो १:२१ बजे पश्चिम जाभाको सियानजुर क्षेत्रमा ५.६ म्याग्निच्युडको भूकम्प गएको सीएनएनले जनाएको थियो । भूकम्प १० किलोमिटर गहिराइमा गएको युएसजीएस ले जनाएको छ । (रासस/एएनआई)

# चीनमा आगलागीमा परी ३६ को मृत्यु



चेनजाउ, ६ मङ्सिर

चीनको एक व्यापारिक फार्ममा भएको आगलागीमा परेर कम्तीमा पनि ३६ जनाको ज्यान गएको बताइएको छ ।मध्य चीनको हेनान प्रान्तमा रहेको एन्यान सहरमा अवस्थित एक व्यापारिक फार्ममा आगलागी भएको बताइएको छ । यससम्बन्धी पूर्ण विवरण आएको छैन ।आगलागीबाट कम्तीमा पनि ३६ जनाको ज्यान गएको बताइएको छ भने अरु दुई जना घाइते भएका छन् । आगलागीमा परेर दुई जना बेपत्ता रहेका छन् । उनीहरु आगो लागेको भवनको भग्नावशेषमा परेका अनुमान गरिएको छ ।सोमबार राति ११ बजेतिर त्यहाँ आगलागी भएको प्रहरीले जनाएको छ । यहाँ ठूलो संख्याका प्रहरी तथा उद्धारकर्मीहरुले उद्धारको काम गरिरहेका पनि बताइएको छ ।यस फार्ममा के कति कारणले आगलागी भएको हो भन्ने बारेमा भने केही बताइएको छैन । प्रहरीले सो फार्ममा रहेका दुई जना शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ । (रासस/सिन्ह्वा)

# मधेशमा कांग्रेसको सबैभन्दा बढी अग्रता

## कांग्रेस ८, एमाले, जसपा ५ र लोसपा, जनमत, नेकपा एस २/२

मधेशदृष्टि
जनकपुर, मंसिर ६ ।
आइतवार सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको देशभर सहित मधेश प्रदेश जिल्लाका निर्वाचन क्षेत्रहरुको पनि मतगणना जारी रहेको छ ।

सोमवार बिहानदेखि मतगणना शुरु भएपनि प्रदेशका ८ जिल्लाका प्रतिनिधि सभातर्फ ३२ निर्वाचन क्षेत्र मध्ये यो समाचार लेख्दासम्म सबै निर्वाचन क्षेत्रको मात्र मतगणना जारी रहेको थियो ।

पछिल्लो परिणाम अनुसार प्रतिनिधि सभातर्फ ३२ वटै निर्वाचन क्षेत्रमध्ये सबभन्दा बढी कांग्रेस ८ स्थानमा अग्रस्थानमा छन भने एमाले ६, जसपा ५, लोसपा, जनमत, नेकपा एस र माओवादी सहितका २/२ स्थानमा अग्रता लिएका छन । प्रदेशका ५ क्षेत्रमा स्वतन्त्र उम्मेदवार अग्रता लिएका छन ।

निर्वाचन आयोगका अनुसार सप्तरी १ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार नवलकिशोर साह सुडी ४८६७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रामदेव साह (तेली) ३६९७ मतका साथ दोस्रो स्थानमा छन् । सप्तरी २ मा जनमत पार्टीका उम्मेदवार चन्द्रकान्त (सीके) राउत २१६१७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार उपेन्द्र यादव १०८८७ मतका साथ दोस्रो स्थानमा छन् ।

सप्तरी ३ नेपाली कांग्रेसका उम्मेदवार दिनेशकुमार यादव ६०१९ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार ताराकान्त चौधरी ४०४५ मतका साथ दोस्रो स्थानमा छन् । सप्तरी ४ मा नेपाली कांग्रेसका उम्मेदवार तेजुलाल चौधरी २२२५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार बालकिशोर यादव १२३० मतका साथ दोस्रो स्थानमा छन् ।

सिरहा क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार पदमनारायण चौधरी ३८७५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार रामशंकर यादव ३७१९ मतका साथ दोस्रो स्थानमा छन् । सिरहा क्षेत्र नं २ मा जनमत पार्टीका उम्मेदवार विनोदकुमार यादव २८५२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार राजकिशोर यादव २६१७ मतका साथ दोस्रो स्थानमा छन् ।

सिरहा क्षेत्र नं ३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार लिलानाथ श्रेष्ठ ३४९४ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार विश्वनाथ साह २५५१ मतका साथ दोस्रो स्थानमा छन् । सिरहा क्षेत्र नं ४ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार वीरेन्द्रप्रसाद महतो ३७२२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)का उम्मेदवार धर्मनाथप्रसाद साह ३६७२ मतका साथ दोस्रो स्थानमा छन् ।

धनुषा क्षेत्र नं १ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार दीपक कार्की ४६०२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार मनोज मल्ल ठकुरी ३८१२ मतका साथ दोस्रो स्थानमा छन् । धनुषा २ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उमाशंकर अरगरिया ४९२३ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रामकृष्ण यादव ४३२६ मतका साथ दोस्रो स्थानमा छन् ।

धनुषा ३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)की उम्मेदवार जुलीकुमारी महतो (महासेठ) ६८२३ मत ल्याई अग्रस्थानमा छिन् । निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका उम्मेदवार अनिलकुमार झा ६१६० मतका साथ दोस्रो स्थानमा छन् । धनुषा ४ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार रघुवीर महासेठ १०७३ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार महेन्द्र यादव ८७९ मतका साथ दोस्रो स्थानमा छन् ।

महोत्तरी क्षेत्र नं १ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार लक्ष्मी महतो कोइरी ४०५२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार गिरिराजमणि पोखरेल ३२६१ मतका साथ दोस्रो स्थानमा छन् । महोत्तरी २ मा लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका उम्मेदवार शरतसिंह भण्डारी १६२७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार रामपरीक्षण यादव ९२६ मतका साथ दोस्रो स्थानमा छन् ।

महोत्तरी ३ मा स्वतन्त्रका उम्मेदवार राम आधार कापर ३३७६ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका उम्मेदवार महन्थ ठाकुर १९३२ मतका साथ दोस्रो स्थानमा छन् । महोत्तरी ४ मा नेपाली कांग्रेसका उम्मेदवार महेन्द्रकुमार राय १५४२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका उम्मेदवार मनोजकुमार साह ८२६ मतका साथ दोस्रो स्थानमा छन् ।

सर्लाही क्षेत्र नं १ मा लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका उम्मेदवार रामप्रकाश चौधरी ५०७६ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी स्वतन्त्रका उम्मेदवार मानबहादुर खड्का ५००३ मतका साथ दोस्रो स्थानमा छन् । सर्लाही २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार महिन्द्र राय यादव २३४२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका उम्मेदवार राजेन्द्र महतो १७१५ मतका साथ दोस्रो स्थानमा छन् ।

सर्लाही ३ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार नरेन्द्र साह कलवार ५५८० मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार हरिप्रसाद उप्रेती ४६५७ मतका साथ दोस्रो स्थानमा छन् । सर्लाही ४ मा स्वतन्त्रका उम्मेदवार अमरेशकुमार सिह ३४६३ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार नागेन्द्र कुमार २८६० मतका साथ दोस्रो स्थानमा छन् ।

रौतहट क्षेत्र नं १ मा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)का उम्मेदवार माधवकुमार नेपाल १३८५२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार अजयकुमार गुप्ता ११२७८ मतका साथ दोस्रो स्थानमा छन् । रौतहट २ मा स्वतन्त्रका उम्मेदवार किरणकुमार साह ७५३२ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार मो. फिरदोस आलम ५३९६ मतका साथ दोस्रो स्थानमा छन् ।

रौतहट ३ मा स्वतन्त्रका उम्मेदवार प्रभु साह ६९०७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी स्वतन्त्रका उम्मेदवार ओमप्रकाश ४२९७ मतका साथ दोस्रो स्थानमा छन् । रौतहट ४ मा नेपाली कांग्रेसका उम्मेदवार देवप्रसाद तिमलसेना ९७०९ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उद्धवप्रसाद रेग्मी ८९३८ मतका साथ दोस्रो स्थानमा छन् ।

बारा क्षेत्र नं १ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार अच्युतप्रसाद मैनाली १३०७९ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार उमाकान्त चौधरी १०४७० मतका साथ दोस्रो स्थानमा छन् । बारा २ मा स्वतन्त्रका उम्मेदवार रामकिशोरप्रसाद यादव ४३०८ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार शिवचन्द्रप्रसाद कुशवाहा ३५२३ मतका साथ दोस्रो स्थानमा छन् ।

बारा ३ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार रामबाबुकुमार यादव ६०५५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)की उम्मेदवार ज्वालाकुमारी साह ५५२६ मतका साथ दोस्रो स्थानमा छिन् । बारा ४ मा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)का उम्मेदवार कृष्णकुमार श्रेष्ठ ८७९५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार एकवाल मियाँ ५६५४ मतका साथ दोस्रो स्थानमा छन् ।

पर्सा क्षेत्र नं १ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार प्रदीप यादव ९६३४ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी स्वतन्त्रका उम्मेदवार अजयकुमार द्विवेदी ७८०१ मतका साथ दोस्रो स्थानमा छन् । पर्सा २ मा नेपाली कांग्रेसका उम्मेदवार अजयकुमार चौरसिया ८९०५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार सुरेन्द्रप्रसाद कुर्मी ६३३५ मतका साथ दोस्रो स्थानमा छन् ।

पर्सा ३ मा नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्रप्रसाद चौधरी ६२२१ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार राजकुमार गुप्ता ५६४२ मतका साथ दोस्रो स्थानमा छन् । पर्सा ४ मा नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजाल १४६१४ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार जालिममियाँ मन्सुरी १२३१० मतका साथ दोस्रो स्थानमा छन् ।

# पर्साको ४ प्रतिनिधि सभा र ५ प्रदेश सभाको मत गणना जारी

मधेशदृष्टि
बीरगंज ६ मंसिर ।
पर्सा जिल्लाका चार प्रतिनिधी सभा र ५ प्रदेश सभाको निर्वाचनको लागि प्राप्त मतगणनाको पछिल्लो परिणाम अनुसार प्रतिनिधि सभा तर्फ पर्सा क्षेत्र नम्बर १ मा प्रदिप यादव ८४७२ मत प्राप्त गरी अग्रस्थानमो छन् भने स्वतन्त्र उम्मेद्धवार अजय द्धिवेदी ५९१२ मतकासाथ यादवलाई पछ्याइरहेका छन् । राप्रपाका किरण डंगोलले ७७८ मत प्राप्त गरेका छन् । पर्सा क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसका अजय चौरसीया ८९०५ मत प्राप्त गरी अग्रस्थानमा छन् भने जसपाका सुरेन्द्र कुर्मीले ६,३३५ मत प्राप्त गरेका छन् । क्षेत्र नम्बर ३ मा नेपाली काँग्रेसका सुरेन्द्र चौधरीले ६,२२१ मत ल्याई अग्रता कायम गरेका छन् । नेकपा एमालेका राजकुमार गुप्ताले ५ हजार ६ सय ४२ मत प्राप्त गरी चौधरी भन्दा ५सय ५८ मतले पछाडी छन् ।

पर्साको क्षेत्र नम्बर ४ मा नेपाली काँग्रेसका रमेश रिजाल १३,८५५ मत प्राप्त गरी अग्रस्थानमा छन् । सो क्षेत्रबाट नेकपा एमालेका जालिम मियाँले ११,५५७ मत गरेका छन् ।

यसैगरी पर्साको प्रदेश सभा तर्फ पर्सा निर्वाचन क्षेत्र नम्बर १ को क बाट माओबादी केन्द्रका रहबर अन्सारीले ४१४९ र स्वतन्त्र उम्मेद्धवार जन्नत अन्सारीले ३७३९ मत प्राप्त गरेका छन् ।सो क्षेत्रबाट एमालेका विचारी यादवले २३४६ मत प्राप्त गरेका छन् ।

पर्साको निर्वाचन क्षेत्र नम्बर १ को ख बाट जसपाका लालबाबु राउत ५३७३ मत प्राप्त गरी अग्रस्थानमा छन् । नेपाली काँग्रेसका रामनारायण कुर्मीले ३९२८ मत प्राप्त गरेका छन्। राप्रपाका विनय झाले १८०२ मत गरेका छन् ।

क्षेत्र न. २ को ख बाट रुपेशमान सिंहले ४५४९ मत प्राप्त गरि अग्र स्थानमा रहेका छन् । दोश्रो स्थानमा लोसपाका रमेश कुर्मिले ४२७७ मत प्राप्त गरेका छन् ।

यता प्रदेश ३ को क मा स्वतन्त्र उम्म्मेदवार प्रमोद जयशवालले ३४०९ मत प्राप्त गरेका छन् । जिप छापका स्वतन्त्र उम्मेदवारले १८३० मत प्राप्त गर्नु भएको छ । एमालेका उम्मेदवारले १६९८ मत प्राप्त गर्नुभएको छ ।

# एमाले र जसपाका अध्यक्ष पराजित



मधेशदृष्टि
वीरगज, ६ मंसिर ।
पर्सामा एक साथ चुनावी मैदानमा उत्रेका नेकपा एमाले तथा जसपाका दुवै जिल्ला अध्यक्षलाई नेपाली कागे्रसका उम्मेदवारहरुले पराजित गरेका छन् ।

जनता समाजबादी पार्टीका जिल्ला अध्यक्ष रामनरेश यादव पर्सा निर्वाचन क्षेत्र २ को क बाट उम्मेदवार बनेका थिए । नेकपा एमालेका जिल्ला अध्यक्ष जयप्रकेकाश थारु पर्सा निर्वाचन क्षेत्र ४को क बाट प्रदेशसभाको लागी उम्मेदवार बनेका थिए । जसपाका जिल्ल अध्यक्ष रामनरेश यादवलाई नेपाली कागे्रसका पुर्व जिल्ला सचिव श्याम पटेल तथा नेकपा एमालेका जिल्ला अध्यक्ष जयप्रकाश थारुलाई निर्वतमान प्रदेशसभा सदस्य शंकर चौधरीले भारी मतको अन्तारले पराजित गरेका छन् ।

# कमला नदी बचाउन जोड

मधेशदृष्टि
जनकपुर, मंसिर ६ ।
प्रकृतिलाई जोगाउन कमला नदीलाई बचाउनुपर्नेमा वक्ताहरुले जोड दिएका छन ।

मंगलवार कमला जलाधार संरक्षण अभियान जनकपुरधामद्वारा आयोजित अध्यात्म व लोकजीवनका सांस्कृतिक श्रोत कमला नदी विषयक संगोष्ठी कार्यक्रममा नेपाल तथा भारतका वक्ताहरुले कमला नदीलाई बचाउनुपर्नेमा जोड दिएका छन । कार्यक्रममा उपस्थित छिमेकी राष्ट्र भारतका अखिल भारतीय साहित्य परिषदकी मिनाक्षी मिलनले प्रकृतिलाई जोगाउन कमला नदीलाई बचाउनुपर्ने बताईन ।


उनले भनिन् भूमिजाको स्वरुप रहेकी माता सीताको भूमिसँग सम्बन्ध रहेको छ र भूमिको सम्बन्ध कमला नदीसँग रहेकाले प्रकृति जोगाउन कमला नदीलाई बचाउन जरुरी छ ।

कार्यक्रममा अध्यक्षता समेत गरेका अखिल भारतीय साहित्य परिषदका श्रीधर प्राद्यिकरणले कमला नदीले गर्दा नेपाल भारतको सम्बन्ध अझ नजिएको चर्चा गर्दै कमला नदीलाई जोगाउन दुवै देशले पहल गर्न आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा महन्थ नवलकिशोर शरणले कमला नदीको सम्बन्ध जगत जननी माता सीतासँग रहेको चर्चा गर्दै मिथिलाको अस्तित्व समेत बचाउन कमला नदी बचाउनुपर्नेमा जोड दिए । सो कार्यक्रममा यस भेगका हजारौ किसानहरु उचित सिचाई, सफा खानेपानी, माछा व्यवसायको साथै ढुंगा, बालुवा, गिट्टी लगायतको श्रोत साधन भएको कमला नदीबाट प्रत्यक्ष रुपमा लाभ लिइरहेका छन ।

तर यसको सदुपयोग गर्नुको सट्टा दुरुपयोग भइरहेकोमा भूमि रिचार्ज नहुँदा खानेपानीको समेत समस्या हुने भएकाले यसलाई बचाउने अभियानमा लागेको बताए ।

सो कार्यक्रममा भारतका एक दर्जनभन्दा बढी साहित्यकारहरुको सहभागिता रहेको थियो । ती साहित्यकारहरुलाई अभियानले दोसल्ला ओढाई सम्मान गरेका थिए ।

# पूर्व प्रधानमन्त्री सहित रौतहटबाट दुई स्वतन्त्र जित्ने सम्भावना



मधेशदृष्टि
रौतहट, मंसिर ६ ।
सम्पन्न प्रतिनिधी सभा तथा प्रदेश सभाको निर्वाचनले रौतहटको चार वटै क्षेत्रमा मत परिणाम आउने क्रम जारी रहेको छ । हालसम्म पुर्व प्रधानमन्त्री देखि लिएर स्वतन्त्र तथा दोहरिने उम्मेदवारहरु अग्रता लिएका छन् ।

राजनीतिक दल तथा जनताले सोचे अनुसार मतदाताहरुले मत दिएर पठाएका उम्मेदवारहरुमा खुशीको कुनै सीमा देखिएको छैन भने आफ् जितने विश्वास गरेका उम्मेदवार हरुलाई यस पटकको निर्वाचनले ठुलो झट्का लागेको देखिएको हो ।

मंगलवार साझ ८ बजेसम्म यो समाचार तयार गर्दासम्म रौतहटको क्षेत्र नम्बर एकमा नेकपा एकिकृत समाजवादीका अध्यक्ष तथा पुर्व प्रधानमन्त्री माधवकुमार नेपालले आफ्ना प्रतिद्वन्दीलाई दुई हजार भन्दा बढी मतले पछाडी पार्दै अग्रता लिएका छन् । एकिकृत समाजवादीका अध्यक्ष नेपालले हालसम्म १२ हजार ६ सय २ मत प्राप्त गरेका छन भने नेकपा एमालेका अजयकुमार गुप्ताले १० हजार ६ सय ३२ मत प्राप्त गरेको जनाईएको छ ।

यस्तै प्रदेश सभा (क) मा नेकपा एमालेका राजकिशोर प्रसाद यादवले ४ हजार ६ सय ९८ मत प्राप्त गरी अग्रता लिएका छन् भने उँहाका निकटम प्रतिद्धन्दी नेपाली काँग्रेसका नागेन्द्र साहले ३ हजार २ सय २६ मत प्राप्त गरी दोश्रो स्थानमा रहेका छन् ।

यस्तै रौतहट क्षेत्र नम्बर १ को (ख)मा नेपाली काँग्रेसमा मधेश प्रदेश सभापति कृष्णा यादवले ४ हजार ७ सय ८३ मत पाएर अग्रता लिएका छन् भने उनका निकटम प्रतिद्धन्दी स्वतन्त्र उम्मेदवार राजेश चौधरीले ३ हजार २ सय ४६ तथा जसपाका उम्मेदवार योगेन्द्र यादवले २ हजार ३ सय ९४ मत ल्याएर पछ्याउँदै आएका छन् ।

यसैगरी रौतहटको क्षेत्र नम्बर २ मा स्वतन्त्र उम्मेदवार किरण साहले ५ हजार ९ सय ४१ मत ल्याएका छन भने उनका निकटम प्रतिद्धन्दी नेपाली काँग्रेसका डा. महम्मद फिरदोस आलमले ४ हजार ९ सय ८० मत ल्याएर पछ्याउँदै आएका छन् ।

यस्तै प्रदेश सभाको (क)मा नेकपा एमालेका महम्मद जैद आलमले ३ हजार ४ सय ४२ मत प्राप्त गरी अग्र स्थानमा रहेका छन भने उनका निकटम प्रतिद्धन्दी जसपाका रामकिशोर यादव २ हजार ४ सय १५ मत प्राप्त गरी दोश्रो स्थानमा देखा परेका छन् ।

यता रौतहटको क्षेत्र नम्बर ३ मा पार्टीको टिकट खलतीमा राखेर स्वतन्त्र उम्मेदवारी दिएका पुर्व मन्त्री प्रभु साहले ६ हजार ९ सय ६ मत ल्याएर अग्रता लिएका छन भने उनका निकटम प्रतिद्धन्दी काँग्रेसका बागी उम्मेदवार ओमप्रकास जयसवालले ४ हजार २ सय ९८ मत ल्याएर दोश्रो स्थानमा रहेका छन् ।

यस्तै प्रदेश सभाको (ख)मा स्वतन्त्र उम्मेदवारी दिएका कुन्दन कुशवाहाले १ हजार ३ सय ४७ मत ल्याएर अग्रता लिएका छन भने नेपाली काँग्रेसका जितेन्द्र यादवले ९ सय ३२ मत ल्याएर दोश्रो स्थानमा देखा परेका छन् ।

यसैगरी रौतहटको क्षेत्र नम्बर ४ मा नेपाली काँग्रेसका देवप्रसाद तिमलसिनाले ७ हजार ९ सय ६३ मत ल्याएर अग्रता लिएका छन भने नेकपा एमालेका उद्धव रेग्मीले ७ हजार ४ सय ६ मत प्राप्त गरी उनलाई पन्छाईरहेको देखिएको छ ।


SS Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल